# जनताका भिक्षु

## परमपूज्य सोमदेद् फ्रा ञाणसंवर
## सोमदेद् फ्रा संघराज
## सकलमहासंघपरिणायक




# जनताका भिक्षु

**परमपूज्य सोमदेद् फ्रा ञाणसंवर**
**सोमदेद् फ्रा संघराज सकलमहासंघपरिणायक**

*अरुहरुका सुखको प्रार्थना सबैले गर्नुपर्ने काम हो ।*
*यस्तो प्रार्थना गर्नु एउटा महत्वपूर्ण मनको गुण हो*
*जसलाई मेत्ता भनिन्छ । मेत्ताको खास अर्थ मैत्रीभाव हो ।*
*यदि हाम्रो मन मैत्रीले भरेको छ भने हामी पक्कानै सुखी हुने छौं ।*

Sd. Phra Nyanasamvara



# जनताका भिक्षु

## परमपूज्य सोमदेद् फ्रा ञाणसंवर सोमदेद् फ्रा संघराज सकलमहासंघपरिणायक


| | |
|---|---|
| प्रकाशक | धार्मिक मामिला विभाग, संस्कृति मन्त्रालय |
| बुद्धाब्द | २५५८ |
| प्रथमावृत्ति | २००० |

| | | |
|---|---|---|
| सल्लाहकार | सोमदेच फ्रा वनरत (चुन्द ब्रम्हगुट्टो) | |
| | भिक्षु फ्रा शाक्यवंशविशुद्ध (डा. अनिलमान धम्मसाकियो) | |
| | श्री कृतायाफोङ्ग शिरि | महाप्रवन्धक, धार्मिक मामिला विभाग |
| | श्री सुदेब कषेमब्रम्हणी | उप महाप्रवन्धक, धार्मिक मामिला विभाग |
| | श्री फिसिद निरत्तिवोङ्गसकन | प्रवन्धक, शासनूपथम्भ उपविभाग |
| | सुश्री फिलाई चिरकाई | प्रवन्धक, गूणधर्म चरियधर्म वृद्धि उपविभाग |
| कार्यकारीणी | श्री कियङ्गसाक् बनप्रसर्ठ | सचिब, धार्मिक मामिला विभाग |
| | आसोसियत प्रोफेसर डा. सोभना श्रीचम्पा | प्रवन्धक, एसियालि भाषा र संस्कृति अनुसंन्धान प्रतिष्ठान महिदोल विश्वविद्यालय |
| | श्री फूलसाक् सुखसाफथवीफोल | धार्मिक मामिला विशेष विज्ञ |
| | श्री सुरिया विवाढ्किचलअत | धार्मिक मामिला विज्ञ |
| | श्री नरुत धम्मधि | विदेशसम्बन्धीय |

PRESS THE AGRICULTURAL CO-OPERATIVE FEDERATION OF THAILAND., LTD.
79 Ngamwongwan Rd., Ladyao Chatuchak Bangkok 10900 THAILAND.
Tel. 0-2561-4567, 0-2561-4590-6
Fax. 0-2579-5101, 0-2941-1230

# भूमिका

थाईलैण्डका रत्नकोसिन कालका दिवंगत १९ औं संघराजा परमपूज्य सामेदेच फ्रा ञाणसंवर (चरन सुवड्ढनो) अत्यन्तै सरल एवं मानवीय स्वभावले भरिपूर्ण बौद्ध भिक्षु हुनुहुन्छ । उहाँले आफ्नो जीवनकालमा बौद्ध चरित्रलाई अत्यन्त कडाईपूर्वक पालना गर्नुभएको थियो भने बौद्ध व्यवहारलाई आफ्नो जीवन कै महत्वपूर्ण अंगको रूपमा अति सुन्दर ढंगले निर्वाह गर्नुभएको थियो । उहाँ सबै प्रकारका सद्गुण र असल चरित्रहरूबाट पूर्ण हुनुहुन्थ्यो जुन गुणका कारण उहाँ सम्पूर्ण बौद्धहरू बीच अत्यन्त प्रिय बन्नुभयो । उहाँ थाईलैण्डकै परमपूज्य संघराज हुनुहुन्थ्यो । बौद्ध अनुशासन तथा सिद्धान्तलाई उहाँले अत्यन्त कठोरतापूर्वक अनुशीलन गर्नुभएको थियो । उहाँले आफ्नो जीवनको अन्तिम समयसम्म पनि एशिया, युरोप लगायत विश्वका सबै दिशाहरूमा बौद्ध दर्शन र बुद्ध शिक्षालाई प्रचार प्रसार गर्न अनवरत प्रयास गर्नुभएको थियो ।

संस्कृति मन्त्रालय अन्तर्गत रहेको धार्मिक मामिला विभागको एउटा प्रमुख कार्य नै हो - मुलुकमा धार्मिक, विशेष गरी बुद्ध धर्म सम्बन्धी, क्रियाकलापहरूलाई सम्बर्द्धन तथा प्रवर्द्धन गर्नु । सन् २०१५ को अन्त्यतिर थाईलैण्ड आशियान समुदायमा समाहित हुँदैछ । यसै सिलसिलामा धार्मिक मामिला विभागले *'जनताका भिक्षु : परमपूज्य सोमदेद् फ्रा ञाणसंवर सोमदेद् फ्रा संघराज सकलमहासंघ परिणायक'* नामक पुस्तक प्रकाशन गर्ने जमर्को गरेको छ । यो पुस्तक खास गरी परमपूज्य सोमदेच फ्रा ञाणसंवरको पवित्र जीवनी र उहाँले विभिन्न पुस्तक तथा अवसरमा अभिव्यक्त गर्नुभएका बौद्ध वाणीहरूको संकलन हो । यो पुस्तक यसलाई अध्ययन गर्ने पाठकहरूका लागि उपयोगी हुने मात्र होइन परम् पूजनीय संघराजा सोमदेच फ्रा ञाणसंवरको गरिमालाई अझ वृहत् र व्यापक रूपमा विस्तार गर्न सहयोग पुऱ्याउने एक पवित्र प्रयास र उहाँ प्रतिको श्रद्धाञ्जलि पनि हो । त्यसैले धार्मिक मामिला विभागले यो पुस्तकलाई ८ विभिन्न भाषाहरूमा प्रकाशित गरेको छ : थाई, अंग्रेजी, वर्मेली, कम्बोडियाली, लाओत्सी, इण्डोनेशियाली, भियतनामी र नेपाली ।

यस क्रममा धार्मिक मामिला विभाग वात् बवरनिवेष विहारका पूजनीय सोमदेच फ्रा वनरत (चुन्द ब्रम्हगुट्टो) र भिक्षु फ्रा शाक्यवंशविशुद्ध (डा. अनिलमान धम्मसाकियो) प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछ जसले यो प्रकाशन कार्यमा सल्लाहकारको भूमिका निर्वाह गर्न सहर्ष स्वीकार गर्नुका साथै यसका आठै भाषाका संस्करणहरूको पूर्ण अध्ययन गर्नुभयो । मलाई पूर्ण विश्वास छ, ८ भाषामा प्रकाशित यी ७ वटै पुस्तक सर्वसाधारण पाठकका लागि अत्यन्त पठनीय एवं उपयोगी हुनेछ ।

कृतायाफोङ्ग शिरि
महाप्रवन्धक, धार्मिक मामिला विभाग

5 सर्वतोभद्र भिक्षु

8 धार्मिक जीवन

12 शिक्षाप्रेमी भिक्षु

17 धर्म प्रचारमा मेहनती

21 विश्वमा फैलिएको सुगन्ध

25 बुद्धशासनको मुख्य खम्बा

30 उहाँको विलक्षणताः

38 संघराजको व्रतचर्याः

44 उहाँको मैत्री पारमिता

48 संघराजाहरुका संघराजा




# सर्वतोभद्र भिक्षु



*"हे अजित, लोकमा जति पनि धारा (तृष्णा) हरू छन् तिनलाई पार गर्ने पार तारक स्मृति नै हो । म तथागत स्मृतिलाई धाराहरू तर्ने साधन भनी भन्दछु । सो धारालाई मानिसले जुन प्रज्ञाद्वारा पार गर्दछ त्यसलाई ञाणसंवर भन्दछु ।"*

*अ. मूलपरियाय सूत्र, म.मू. १७/५८*

ख्वाय् महानदीको समृद्ध उन्नतिपूर्णभूमि बानन्हुअ टोल, कॉचनपुरी नगर जिल्ला, कॉचनपुरी अञ्चलमा शुक्रवार शुक्लपक्षको चौठी तिथि ११ औं महिना, गौवर्षमा तदनुसार ३ अक्टोबर बुद्धसम्बत २४५६ (सन् १९१४) अर्थात् आजभन्दा लगभग एकशताब्दी अघि "गजवत्र" कुलमा एक पुत्ररत्नको जन्म भयो ।

त्यसबेला कसले सोचेको थियो र कि यो बालकले सात दशकपछि गएर थाईलैंडको भिक्षु संघको सर्वोच्च धर्माधिकारी राजगुरु भिक्षु परमपूज्य संघराजा जस्तो अत्यन्त महत्वपूर्ण पदमा आसिन भई कार्य गर्नेछ ।

उहाँ संघराजाको पहिलेको नाम थियो चरन (उन्नति) । समुदसंग्राम अञ्चल, अम्बवा जिल्लाका प्रमुख श्री नोईका पहिलो सन्तानका रूपमा उहाँको जन्म भएको थियो । उहाँको गृहस्थी नाम चरन (उन्नति) थियो । उहाँकी आमा किम-नोई लुगा सिउने काम गर्नुहुन्थ्यो । बुबा श्री नोई पुरानो राजधानी अयुध्याका वंशज हुनुहुन्थ्यो भने अर्कोतिर दक्षिणी थाईलैंडको ण तकुवथुङ् थरका वंशज हुनुहुन्थ्यो । त्यस्तै आमा किम नोई एकातिर भियतनामी र अर्कोतिर चिनियाँ वंशजकी हुनुहुन्थ्यो ।

संघराज सोमदेद् फ्रा ञाणसंवरको जन्म पाक्फ्रायक् मार्गस्थित रुङ्सवाङ् कुलको घरमा भएको थियो । त्यही घरमा उहाँका

अरू दुई भाईहरू चांनियन र समुद्रको पनि जन्म भयो। उहाँको परिवार ठूलो भए पनि दाजुभाईहरू बीच अत्यन्त प्रगाढ माया, ममता र सद्भाव थियो।

उहाँ नौ वर्षको मात्र हुँदा अचानक पिता श्री नोइको निधन भयो। पिताको निधन पछि परिवारमा संकट शुरु हुन थाल्यो। र, फलस्वरुप उहाँ आमाबाट अलग्गिएर आमाकी दिदी एवं आफ्नी ठूलीआमा किमहेङको रेखदेखमा बस्न पुग्नुभयो।

किशोरकालमा उहाँको स्वास्थ्य त्यति सबल थिएन। कमजोर शरीर भएका उहाँ एकपटक साह्रै बिरामी पर्नुभयो। कति उपचार गर्दा पनि ठीक नभए पछि घरका अभिभावकहरूले भाकल गरे कि यदि उहाँ ठीक हुनुभयो भने उहाँलाई श्रामणेर बनाउने छौं।

ठूलीआमाको ममतामयी पालनपोषण र अभिभावकत्वले गर्दा उहाँलाई कुनै चीजको अभाव भएन। सुख तथा आनन्दपूर्वक किशोरकाल गुज्रियो। उहाँकी ठूलीआमा किमहेङ दृष्टिविहिन हुनुहुन्थ्यो। तर ठूलीआमाकी आँखाको नानी भने उहाँ संघराज बन्नुभएको थियो। उहाँ दुई बीचको सम्बन्ध अत्यन्त भावनात्मक एवं प्रगाढ थियो। ठूलीआमासँग उहाँ कहिल्यै छुट्टिएर बस्नु भएन।

उहाँको जन्मघर रुङसवाङ् स्थानीय वात्देवसंघाराम विहार (वात्न्हुअ) र वात्जयछुम (वात्ताई) को बीचमा पर्दथ्यो। त्यसैको नजिक वात्थावरवराराम (भियतनामी विहार तथा वात्खान्थअतूअ) नामको अर्को दुईवटा विहारहरू पनि थियो। त्यसैले विभिन्न चाडपर्व तथा धार्मिक अवसरहरूमा उहाँ आफ्नी ठूलीआमाको साथ लागी ती विहारहरूमा दानपुण्य गर्न गइरहनुहुन्थ्यो। त्यस्तै धर्मदेशनाहरू सुन्ने अवसर पनि उहाँ पाउनुहुन्थ्यो। विशेष गरी वर्षावासका बेला वात्न्हुअ विहारमा हरेक साँझ हुने धर्मदेशनाहरू उहाँ छुटाउनुहुन्नथ्यो।

किशोरावस्थामा उहाँ पनि बुद्धधर्मका क्रियाकलापहरूसँग सम्बन्धित विभिन्न खेलहरू खेलेर रमाइलो गर्नुहुन्थ्यो। जस्तो भिक्षुहरूले धर्मदेशना गरे जस्तो नक्कल गर्न उहाँ अत्यन्त रुचाउनुहुन्थ्यो। त्यस्तो खेल खेल्दा भिक्षुहरूले धर्मदेशना गर्दा बोक्ने धर्मपुस्तक र पंखाको ठाउँमा उहाँ ताडका पात र रुखका पात समाउनु हुन्थ्यो। कहिलेकाहीं आफू उमेरका साथीहरूसँग दान छर्ने (थे ऋचाद्) वा अरण्य वस्त्र दान गर्ने खेल पनि खेल्नुहुन्थ्यो।

उहाँकी ठूलीआमा किमहेङ् हरेक दिन काममा जान बिहानै उठ्नुहुन्थ्यो। उहाँ सँगै संघराज पनि सबेरै उठ्नुहुन्थ्यो। ठूलीआमाले उहाँ खेल्ने ठाउँमा मैनबत्ति बालेर उज्यालो पारिदिनुहुन्थ्यो, उहाँ त्यही मैनबत्ति हेरेर ध्यान गर्नुहुन्थ्यो।

यस्ता धेरै कुराहरूले उहाँले भविष्यमा गर्ने यात्राको संकेत गरिरहेको थियो।

संघराज बालककालदेखि नै शान्त र विनम्र स्वभावको हुनुहुन्थ्यो । मूढेबल प्रयोग गरी खेल्ने खेलहरू उहाँ कहिल्यै खेल्नुहुन्नथ्यो । आफ्ना भाईहरू मात्र होइन अरू साना बालबालिकाहरूलाई समेत उहाँ अत्यन्त स्नेहपूर्वक हेरविचार गर्नुहुन्थ्यो । यसरी किशोर कालदेखि नै उहाँले एक जिम्मेवार व्यक्तिकारूपमा आफूलाई प्रस्तुत गर्दै आउनुभएको थियो ।

आठ वर्षको उमेरमा शिक्षा आर्जनका लागि उहाँ वात्देवसंघाराम विहारस्थित प्रजापाल विद्यालयमा प्रवेश हुनुभयो । त्यसबेला विहारको शाला नै विद्यालय भवन थियो । त्यहाँबाट उहाँले बुद्ध सम्बत २४६८ सालमा प्राथमिक स्तरको पाँच कक्षासम्म उत्तीर्ण गर्नुभयो । त्यसबेला उहाँको उमेर १२ वर्षको मात्र थियो ।

मैत्री, करुणा, धैर्य, सहनशीलता, इमान्दारिताका साथै सन्तोषी तथा सरल खालको जीवनशैली उहाँले पारिवारिक परिवेशबाटै पाउनुभएको थियो । उहाँको आफ्नै वैयक्तिक प्रवृत्ति र बाल्यकालदेखि हुर्केको पारिवारिक परिवेशको सम्मिश्रणले उहाँ भित्र एक विशुद्ध धार्मिक चरित्र निर्माण गर्दै लगेको थियो । उहाँको यही धार्मिक प्रवृत्ति र चरित्र नै उहाँको निरन्तर उन्नति, समृद्धि र विकासका लागि बलियो आधार साबित भइदियो । बहुजन हितका लागि पुण्यरूपी बिउ छर्ने उत्तम खेत (बौद्धभिक्षु) का रूपमा उहाँले आरम्भ गर्नुभएको धार्मिक यात्रा अन्ततः थाईलैण्डकै सर्वोच्च धार्मिक प्रशासनिक पद राजधानी रत्नकोसिन्द्र (बैंकक्) युगका १९ औं सोमदेद् फ्रा ञाणसंवर सोमदेद् फ्रा संघराज सकलमहासंघपरिणायक अर्थात् परमपूज्य राजगुरुको अत्यन्त सम्मानित एवं गरिमामयी आसनसम्म पुग्न सफल हुनुभयो ।

*मन निकै महत्वपूर्ण छ त्यस्तै स्मृति पनि । प्रज्ञा पनि त्यतिकै महत्वर्पूण छ त्यस्तै करुणा र मैत्री पनि । यी गूणहरु अलग्ग अलग्ग गरि लिनु हुन्दैन । मन स्मृतिबान, प्रज्ञाबान, कारुणिक र दयालु हुनुपर्दछ । यी चारै गुणहरु बराबर हुनुपर्दछ । आफ्नो मनलाई कहिलैपनि स्मृति प्रज्ञा करुणा र मैत्री बाहेक अरु र्दुगुणले उर्दी नदिलाउनु ।*

*'प्रत्यक जीवनको छोतो समय हुन्छ' बाट साभार*

# धार्मिक जीवन

*धर्म बहूमुल्य रत्न हो, किन कि यसमा सार मात्र छ । धर्ममा निःसार मात्रा अलिकति पनि छैन । यस्तो धर्मको देशना भगवान् बुद्धले धर्म तथा उपदेशको रूपमा बताउनु भएको छ । यो देशना आचरण गर्न उपयुक्त हुने गरी उहाँले सूत्रको रुपमा व्यवस्थित तरिकाले उपदेश दिनु भएको छ । यो सम्पूर्ण देशना जीवनलाई आवश्यक विधिविधान वा नियमहरूको संगालो हो । यो देशना जीवनको सम्पूर्ण भागलाई आफैले नियाल्नसक्ने गरी उज्यालो दिने बत्ति हो । हरेक मानिसलाई जीवनका सम्पूर्ण अवस्थालाई उचित ढंगले हेर्न तथा बुझ्न सिकाउने शिक्षा हो ।*

*बौद्धसिद्धान्त 'ल्हक्फ्राबुद्धशासना' बाट साभार*

राजगुरु भिक्षु परमपूज्य संघराज सोमदेद् फ्रा ञाणसंवर सोमदेद् फ्रा संघराज सकलमहासंघपरिणायक सांसारिक जीवनलाई त्यागेर १४ वर्षको उमेरमा धार्मिक जीवनमा प्रवेश गर्नुभएको थियो ।

बुद्धसम्वत २४६९ सालमा उहाँका दुई जना मामाहरू थायम् र थअङ्दी वात् देवसंघाराम विहारमा प्रव्रजित हुने तयारी हुँदै थियो । उहाँकी आमा तथा ठूलीआमाले उहाँलाई धेरै पहिले गरिएको भाकल पूरा गर्न मामाहरुसँगै श्रामणेर प्रव्रजित बन्न प्रेरणा दिनुभयो । त्यसबेला उहाँ कक्षा पाँचको प्रारम्भिक शिक्षा सकाएर अब के गर्ने भन्ने अन्यौल मै रहनुभएको थियो । त्यसैले श्रामणेर प्रव्रज्या लिनु नै उहाँका लागि उपयुक्त निर्णय हुने ठहर गरियो ।

उक्त श्रामणेर प्रव्रज्या समारोहमा भिक्षु फ्राखूअदुल्यसमणकिच (दी बुद्धजोति) उपाध्याय गुरुका रूपमा आउनुभएको थियो । उहाँ वात्देवसंघाराम विहारका अधिपति हुनुहुन्थ्यो । त्यसैले उहाँ ल्हुवङ्फअ वात्न्हुअ (वात्न्हुअका भिक्षु गुरु) भन्ने नामले पनि परिचित हुनु हुन्थ्यो । उहाँलाई वात् श्रीउपलाराम विहारका अधिपति (ल्हुवङ्फअवात्न्हअङ्बुव) भिक्षु निविठ्समाचार (ह्रियन् सुवण्णजोति) ले शरणागमन र शील दीक्षा दिनुभएको थियो । यस्ता गुरूद्वारा प्रव्रजित संघराज सोमदेद् फ्रा ञाणसंवर धर्मको मार्गमा यति दृढतापूर्वक अघि बढ्नुभयो कि त्यसपछि उहाँ कहिल्यै पनि गृहस्थाश्रम मार्गमा फर्कनु भएन । उहाँको यात्रा कहीं पनि र कहिल्यै पनि रोकिएन ।

त्यो बढ्दै गयो । अझ बढ्दै गयो ।

प्रव्रजित भएको पहिलो वर्षावासमा उहाँले सामणेर सिक्खा अर्थात् श्रामणेरका लागि आचरणका नियम तथा पूजापाठका विधिवाक्यहरू कण्ठष्ट गर्नु थियो । साथै उपाध्याय गुरुको खुट्टा मिची सेवा गर्ने जिम्मेवारी पनि उहाँकै काँधमा थियो । तर साँझमा उपाध्याय गुरुको सेवा गर्न जाने उक्त कामलाई भने उहाँले मैत्रीपूर्वक उपाध्यायबाट देशना सिक्ने अवसरका रूपमा लिनुभयो । यसरी सिक्नुलाई 'साँझको ज्ञान बढाउनु' भनिन्थ्यो । प्राचीनकालदेखि चलि आएको पढाइकै एउटा अंग थियो यो । यसमा हरेक साँझ गुरुले एकएक भाग पाठ पढेर श्रामणेरहरूलाई सुनाउनु हुन्थ्यो । श्रामणेरहरूले त्यसैलाई दोहऱ्याएर पढ्थे र मुखाग्र कण्ठ गर्थे । यसरी पूरै काण्ड धर्मदेशना याद गर्थे । उहाँ संघराजले त्यसबेला सिक्नपाएको धर्मदेशनाको विषय थियो 'आर्य धन काण्ड' । उहाँले यो काण्ड अत्यन्त छोटो समयमा पूर्ण रूपले कण्ठष्ट गर्नुभएको थियो । त्यही वर्षावासमा धर्मदेशना गरिने दिन उपोसथागारको धर्माशनमा बसी उहाँले उपस्थित सम्पूर्ण स्रोताहरूका बीच त्यही काण्ड मुखाग्र वाचन गर्नुभएको थियो ।

परिवारले उहाँको स्वास्थ्यलाभका लागि गरेको भाकल पूरा गर्न मात्रै प्रव्रजित गरेको थियो तर उहाँको यो प्रव्रज्या कहिल्यै नफर्किने धार्मिक यात्रा हुनेछ भन्ने कुरा भने कसलाई थाहा? एक पटकको प्रव्रज्या पछि त्यसैमा उहाँले निरन्तर प्रगति गर्दै जान थाल्नुभयो । बुद्धसम्बत २४७० मा भिक्षु गुरु ल्हुवङ्फअदीले उहाँलाई नगर प्रथम अञ्चलको सदरमुकाममा रहेको वात्स्नेहा विहार मा अध्ययन गर्न पठाउनु भयो । उक्त विहारमा रही उहाँले पाली साहित्य र व्याकरणको अध्ययन गरोस् र पछि वाट् देवसंघाराम विहारमै फर्की पाली पढाउने विद्यालय सञ्चालन गर्न सकियोस् भन्ने उद्देश्यले गुरुले उहाँलाई त्यता पठाउनुभएको रहेछ । त्यसको लागि गुरुले परियत्ति पढाउने विद्यालय भवन समेत बनाएर राख्नुभएको थियो ।

घरबाट टाढा रहेको विहारमा बस्नु परे पनि उहाँले नियास्रो तथा एकान्तको अनुभव भने गर्नु परेन । त्यहाँ पढ्ने थुप्रै भिक्षु तथा श्रामणेर सहपाठीहरू उहाँका मित्र बन्न आए । ती मित्रहरूसँग बसेर खिचेका कतिपय तस्बीरहरू उहाँले धेरै पछिसम्म पनि आफ्नो एल्बममा सजाएर राख्नुभएको थियो । उहाँलाई दिइएको कतिपय तस्वीरहरूमा उहाँका साथीहरूले स्मरणका लागि लेखेका वाक्यहरू हुन् : 'मैत्री र दयालु', 'एउटै विद्यालयमा लामो समयसम्म घनिष्ठकासाथ बसेका मित्र' ।

वात् स्नेहा विहारमा रहँदा उहाँ संघराजको अध्ययनमा अझ तिक्ष्णता देखिन थाल्यो । उहाँको यो तिक्ष्णतालाई अझ प्रष्फुटन गर्न बैंकक्स्थित प्रशिद्ध वात् मकुटक्षत्रियाराम विहारबाट पाली शिक्षा हासिल गर्नुभएका शिक्षक भिक्षु फ्रामहाभक्ति शाक्छलअम्ले उहाँ संघराज लाई पनि त्यही विहारबाट उच्चशिक्षाका लागि अध्ययन गराउन सो विहारसँग सम्पर्क गरिदिनुभयो । संघराजले यस बारे सल्लाह गर्न आफ्ना उपाध्याय भिक्षु ल्हुवङ्फअदीलाई सम्पर्क गर्नुभयो । तर उपाध्याय भिक्षुले संघराजको थप अध्ययनको लागि वात्

पवरनिवेस विहारमै व्यवस्था गरिसक्नुभएको रहेछ। उपाध्याय भिक्षु ल्हुवङ्फअदीको राजकुमार भिक्षु क्रमल्हुवङ् वजिरञाणवंशसँग घनिष्ठ सम्बन्ध थियो । अत: संघराजले उपाध्याय भिक्षु ल्हुवङ्फअदीकै इच्छा अनुसार वात् स्नेहा विहारमै बसेर थप एक वर्ष अध्ययन गर्नुभयो ।

बुद्धसम्वत २४७२ मा उपाध्याय भिक्षु ल्हुवङ्फअदीले काँचनबुरी शहरबाट उहाँ संघराजलाई बैंकक्स्थित वात्पवरनिवेस विहारमा ल्याई राजकुमार भिक्षु सोमदेद् फ्रा संघराज क्रमल्हुवङ् वजिरञाणवंश (सुचित्तो म्हअम्राजवंश छून नभवंश) सोमदेद् फ्रा वजिरञाणवंश पदमा कार्यरत रहेको बेला उहाँकै संरक्षणमा राख्न प्रार्थना गर्नुभयो। वात्पवरनिवेस विहारका अधिपति समेत रहेका उहाँले उपाध्यायको उक्त प्रस्तावलाई मैत्रीपूर्वक स्वीकार गर्नुभयो ।

उहाँ संघराज भन्ते विनय नियम अत्यन्त कडाईकासाथ पालना गर्नुहुन्थ्यो । वात्पवरनिवेस विहारमा बस्नुभएको २० दिन मै उहाँद्वारा विहारका नियमहरू पूर्ण रूपले पालना भएको देखिएकोले विहाराधिपति राजकुमार संघराज भिक्षुले उहाँलाई नयाँ धार्मिक नाम "सुवड्ढनो" प्रदान गर्नुभयो जसको अर्थ हो - सही रूपले भएको वृद्धि ।

उहाँ संघराजको ब्रम्हचर्य जीवन निरन्तर चलिरह्यो। साथै शिक्षामा उन्नति पनि गर्दै जानुभयो। उहाँले वात्पवरनिवेस विहारमा बसेर धार्मिक शिक्षातिर नक्धम्मएक तथा पालीशिक्षातिर चार वर्षे कोर्स पूरा गर्नुभयो । उपसम्पदाको उमेर पुगेपछि उहाँ आफ्नो पुरानै विहार वात् देवसंघाराममा आफ्ना गुरुसमक्ष उपसम्पदाको लागी उपस्थित हुनुभयो। त्यहाँ धार्मिक शिक्षा सिकाउने काममा गुरुलाई सहयोग गर्दै उपसम्पदा भएर एक वर्षावास बस्नुभयो। त्यस भएपछि बुद्ध सम्वत् २४७६ को १५ फरवरीका दिन वात्पवर निवेस विहारमा दल्हिकर्म अर्थात् पुन: उपसम्पदा हुनुभयो । उक्त विधिमा राजकुमार भिक्षु क्रमल्हुवङ् वजिरञाणवंश (सोमदेद् फ्रा वजिरञाणवंश पदमा कार्यरत रहेको बेलामा) उपाध्याय तथा भिक्षु रत्नधजमुनी (चू इस्सरञाणो) कर्मवाचार्य हुनुभएको थियो ।

श्रमणजीवनमा उहाँ अत्यन्त मन लगाई अगाडि बढ्नुभयो । बुद्धशासनलाई व्यापक क्षेत्रमा प्रचार प्रसार गर्ने काममा उहाँ अलिकति पनि गाह्रो नमानीकन सक्रियतापूर्वक लाग्नुभयो। आफ्नो शरण रहेको बुद्ध, धर्म तथा संघका गुणहरूमा अटल विश्वास राख्नुभयो। उहाँ आफ्ना ज्येष्ठहरूलाई आदर र अरूलाई विनम्रतापूर्ण व्यवहार गर्नुहुन्थ्यो। जीवनमा हरसमय साथ दिने गुरु तथा आचार्यहरूप्रति उहाँ सधैं कृतज्ञ हुनुहुन्थ्यो । यस्ता धार्मिक तत्वहरूले ओतप्रोत वातावरणमा धार्मिक नामअनुरुप उहाँ झन झन हुर्कंदै जानुभयो ।

*असली धर्म दान गर्नु भनेको सबैजनाले आआफुलाई धर्मले युक्त बनाउनु हो । आफुमा धर्म भएमा धर्मलाई सबैले अनायास नै देख्नेछन् । वचनद्वारा वा भिक्षुले धर्मदेशना गरेजस्तै औपचारिक व्यवस्था गरेर कराइरहनु पर्दैन ।*

*'धर्मदानले सबै दानहरूलाई जित्दछ'बाट साभार*







*धर्माचरण गर्नु भनेको मनलाई सधैँ धर्ममा लगाई धर्म तथा मनलाई एकाकार गर्नु हो । यहि नै हो विज्ञजनहरुले देख्ने असली धर्मदेशना । पुस्तकका पानाहरूमा लेखिएको धर्मप्रचार गर्नुभन्दा यसको फल झन बढी हुन्छ ।*


*धर्मदानले सबै दानहरूलाई जित्दछ'बाट साभार*

# शिक्षाप्रेमी भिक्षु


*शिक्षा भनेको प्रथमतः राम्ररी कामकाज गर्न तथा समाजमा मिलीजुली बस्न ज्ञान तथा समर्थ बनाउनका लागि हो । त्यसपछि शिक्षा मानिसलाई पूर्ण मानिस बनाउनका लागि हो । शिक्षाको पहिलो उद्देश्य स्पष्ट नै छ । दोस्रो उद्देश्यको अर्थ यो हो कि मानिसको जातमा जन्मेको मानिस मानिस आकारको शरीर हुँदैमा पूर्ण मानिस भइसकेको मानिँदैन । उसलाई पूर्णमानिस तब मात्र मानिनेछ जब उसमा ठिक-बेठिक, उचित-अनुचित आदि कुराहरूको राम्ररी ज्ञान भई पूर्ण मानिस भन्न सुहाउने गरी त्यसलाई उचित रुपमा आचरण गर्नसक्नेछ । अनि मात्र धर्म अनुसार पूर्ण मानिस भनिने छ । जब पूर्ण मानिसको धर्मले युक्त हुनेछ अनि मात्र पूर्ण मनुष्य भनिने छ ।*

*'बुद्धशासनको सिद्धान्त' बाट साभार*






एकवचनप्रयोगः
१. एकसंख्यार्थे एकवचनं व्यवह्रियते ।
यथा- एकः पुरुषः ।
२. जात्यार्थे एकवचनं व्यवह्रियते वा ।
यथा- प्राणिनां नरः श्रेष्ठः ।
३. देशविषयादिभिः प्रातिपदिकैः सह एकपदीभूतः देश इति शब्दः एकवचने व्यवह्रियते नित्यम् ।
यथा- मगधदेशः







द्विवचनप्रयोगः
१ द्विसंख्यार्थे द्विवचनं व्यवह्रियते ।
यथा- द्वौ नरौ ।
२ स्त्रीपुंसयोः द्वन्द्वे द्विवचनं व्यवह्रियते पुंसि ।
यथा- पितरौ = पिता च माता च इत्यर्थः ।
३ द्वित्वबोधकनाम द्विवचने व्यवह्रियते नित्यम् ।
यथा- नेत्रे हस्तौ इत्यादि।

सधैँ उत्सुक भइरहने स्वभावले गर्दा ज्ञान गवेषणमा उहाँको ध्यान गइरहने गर्थ्यो । परियत्ति तथा प्रतिपत्तितिरको अध्ययन र बुद्धशास्त्र, भाषाशास्त्र तथा सामान्यज्ञान जस्ता भविष्यमा बुद्धशासनका लागि उपयोगी ज्ञानहरू सिक्न उहाँ अत्यन्त मन लगाएर सक्रिय हुनुभयो । श्रामणेरकालमा वात्पवरनिवेस विहारमा परियत्ति शिक्षा अध्ययन गर्न आउँदा उहाँलाई तत्कालीन विहाराधिपति राजकुमार भिक्षु क्रमल्हुवङ् वजिरञाणवंशले भिक्षु फ्राखूबुद्धमन्त्प्रीछाको रेखदेखमा राख्नुभएको थियो । (भिक्षु फ्रखूबुद्धमन्तप्रीछा पछि प्रव्रज्या जीवन त्याग गरी गृहस्थी मै फर्केर आफ्नो पुरानो नाम छलम् रोचनशिरिबाट चिनिन्थ्यो ।)


राजकुमार भिक्षु संघराजचाउ क्रमल्हुवङ् वजिरञाणवंश विद्यार्थीहरूलाई अत्यन्त रुचीपूर्वक पढाउने, उनीहरूमा नयाँ नयाँ चिन्तन तथा सोचविचार उत्पन्न गर्ने र पढेका पाठहरूलाई परन्तुसम्म सम्झना गराउने कार्यमा अत्यन्त पोख्त हुनुहुन्थ्यो । उहाँबाट पनि संघराजले धेरै उपयोगी शिक्षा, तालिम र निर्देशन प्राप्त गर्नुभयो । उहाँ संघराज आफै पनि विभिन्न विषयहरूमा दक्षता हासिल गर्न उत्सुक तथा क्षमतावान हुनुहुन्थ्यो ।

उहाँले विद्यार्थीकालदेखि नै ध्यानभावना वा विपस्सना ध्यानमा विशेष रूची राख्नुभएको थियो । यसमा राजकुमार भिक्षु संघराजचाउ नै उहाँका प्रथम गुरु हुनुहुन्थ्यो । सधैँ पढाई मै मात्र एकाग्र भइरहने उहाँको बानी देखेर एक दिन भिक्षु संघराजचाले उहाँलाई आफ्नो निवासमा बोलाई भन्नुभएको रहेछ "खुब पढैया भएछौ । पढाईमा मात्र बहुला नबन । ध्यान पनि गर्नू ।" गुरुको यो निर्देशनबाट उहाँले ध्यानमा पनि लगाव राख्नुभएको थियो ।

पछि भिक्षु जीवन त्याग गर्नुभएका आफ्ना गुरु फ्राखूबुद्धमन्त्प्रीछाका बारेमा उहाँ भन्नुहुन्थ्यो, 'उहाँ अत्यन्त नरम र भलादमी स्वभावका हुनुहुन्थ्यो । निर्णयशक्तिका धनी र चलाख पनि हुनुहुन्थ्यो । उचित र अनुचित विषयमा ज्ञानी हुनुहुन्थ्यो । कामकाज सफलतापूर्वक सम्पन्न गर्न र विशेष गरी आफ्ना शिष्यहरूको रेखदेख तथा उनीहरूलाई अनुशासनमा राख्न उहाँ निपुण हुनुहुन्थ्यो । कसैलाई कुनै कामको जिम्मेवारी दिँदा उहाँ बडो होशियार बन्नुहुन्थ्यो । यदि विद्यार्थीले दिइएको जिम्मा पूरा गर्ने पक्का विश्वास लाग्दैन भने उहाँ कामको जिम्मा दिनुहुन्नथ्यो । किन कि अधुरो कामले विद्यार्थीलाई नोक्सानी पनि हुनसक्दछ । यदि शिष्यले काम पूरा गर्नसक्यो भने चाहिँ अत्यन्त प्रशंसा र उत्साहित गर्नुहुन्थ्यो ।'

संघराज भन्ते आफ्ना सबै पुराना गुरुहरूको राम्रो सम्झना गर्नुहुन्थ्यो । साथै गौरव र प्रशंसा पनि । गुरुहरूका राम्रा गुणहरू आफ्नो जीवनमा पनि अनुशरण गर्ने प्रयास उहाँ सधैँ गरिरहनु हुन्थ्यो । गुरुहरूका गुणहरू स्मरण गर्दै उहाँ बेला बेला भन्ने गर्नुहुन्थ्यो - यस्ता असल र सक्षम गुरुहरू पाएको कारणले नै हो मैले आफ्ना शिष्यहरूलाई उज्यालो भविष्यतिर प्रेरित गर्न सकेको ।

संघराज भन्तेले धार्मिक शिक्षातिर गर्नुभएको प्रगति उल्लेखनीय छ । वात्पवरनिवेस विहारमा प्रवेश गरेको पहिलो वर्षमै उहाँ नक्धम्म त्री कक्षामा उत्तीर्ण हुनुभयो । त्यसपछिका सबै परीक्षाहरूमा पनि उहाँ उत्तीर्ण हुँदै जानुभयो । अध्ययनमा उहाँ कहिल्यै हतोत्साहित



हुनु भएन । हरेक प्रकारका बाधा अड्चनहरू सजिलै पार गर्नुभयो । शारीरिक रूपमा उहाँ त्यति स्वस्थ नभएपनि त्यसले उहाँको पढाईलाई भने कहिल्यै रोक्न सकेन । एक पटक कमजोरीले शरीर काँपेको बेला पनि उहाँले छातीलाई गम्छाले टिनिक्क बाँधेर परीक्षा दिनुभएको थियो ।

एकपटक पालीको चार कक्षाको परिक्षामा उहाँ अनुत्तीर्ण हुनुभयो । यसबाट उहाँ अत्यन्त दुःखी र निराश बन्नुभयो । तर पछि विचार गरी हेर्दा उहाँले देख्नुभयो, यो त आफ्नै अति प्रमाद तथा अध्ययनको अहंकारले गर्दा असफल भएको रहेछ । उहाँको मन थामियो । उहाँलाई सम्झना भयो, त्यसपटक उहाँ अत्यन्त बेहोशी एवं प्रमादी बन्नुभएको थियो । उत्तर पुस्तिकामा उत्तर लेख्दा पनि मन एकाग्र थिएन । लेखनमा होश पुऱ्याइएन । उहाँले पाली शिक्षाको कक्षा चार दोहोऱ्याएर उत्तीर्ण गर्नुभयो । त्यसपछि भने उहाँ कहिल्यै प्रमादी बन्नु भएन । फलतः बुद्धसम्बत २४८४ मा पालीको सर्वोच्च स्तर कक्षा नौ उत्तीर्ण हुनुभयो ।

आफूले पाली अध्ययन गरिरहेकै बेला अर्थात् कक्षा पाँचमा पढिरहे कै बेला उहाँले विहारस्थित विद्यालयका भिक्षु तथा श्रामणेरहरूलाई पाली तथा धर्म गरी दुई विभागमा पढाउनु भएको थियो । साथसाथै अरु विषयहरूको स्वाध्ययन पनि जारी राख्नुभयो । उहाँ पाली कक्षा छ तथा सातमा पढिरहनुभएकै बेला भारतबाट आउनुभएका प्रसिद्ध

विद्वान प्राचार्य स्वामी सत्यानन्दपुरी वेदान्तप्रदीपले वात्पवरनिवेस विहार अगाडि नै धर्माश्रम खोलेका थिए । उहाँ हिन्दूधर्मका महान् विद्वान, संस्कृत तथा अंग्रेजी भाषामा पोख्त सन्यासी हुनुहुन्थ्यो । उहाँले आफ्नो धर्माश्रमलाई जिज्ञासुहरूका लागि ज्ञान आदान प्रदान गर्ने, सिक्ने तथा सिकाउने केन्द्रको रूपमा विकास गर्नुभएको थियो । उहाँ संघराज भन्ते पनि आफ्नो पढ्ने र पढाउने जिम्मेवारी पूरा गरेर निक्लेको फुर्सदमा उनै स्वामी सत्यानन्दपुरीको आश्रम जाने गर्नुहुन्थ्यो । त्यहाँ उहाँले दुई वर्षजति सिक्ने मौका प्राप्त गर्नुभयो ।

वास्तवमा यो अवधि नै उहाँका लागि विभिन्न विषयहरू सिक्ने अवसरको जग बन्नपुग्यो । यही बेलादेखि उहाँले व्यक्तिगत मेहनतले नै निरन्तर आफ्नो अध्ययनको क्षेत्र फराकिलो पार्नुभयो । जसले गर्दा उहाँको अंग्रेजी भाषामा बोल्ने, सुन्ने, पढ्ने र लेख्ने क्षमता विकसित हुन गयो । त्यसपछि उहाँ जर्मन, फ्रेन्च र चिनियाँ भाषा सिक्न पनि अगाडि बढ्नुभयो । यी नै भाषिक ज्ञानको भण्डार र अरू सामान्य ज्ञानहरूमा समेत रहेको असीम रूचीका कारण उहाँका धार्मिक देशनाहरू र ठूलो परिमाणमा रहेका उहाँका कृतिहरू अत्यन्त स्पष्ट र बोधगम्य छन् । तिनमा प्रयुक्त भाषाशैली विषयवस्तु अनुसार सुहाउँदो र खँदिला छन् । नयाँ नयाँ दृष्टिकोणहरू प्रस्तुत गर्न समर्थ छन् । पाठकलाई विचार गर्ने नौला विषयवस्तुहरू दिन पनि समर्थ छन् । यस्ता मौलिक विशेषताहरू उहाँको बोली मात्र होइन लेखाईमा पनि प्रशस्त पाउन सकिन्छ चाहे त्यो थाई भाषामा होस् वा कुनै पनि विदेशी भाषामा ।

समयक्रम सँगै शैक्षिक क्रियाकलापहरूमा उहाँको व्यस्तता बढ्दै जान थाल्यो । आफूले मात्रै पढ्ने होइन अरूलाई पढाउने व्यवस्था गर्न पनि उहाँ सरिक हुनुभयो । यसले गर्दा विभिन्न भाषाहरूमा उहाँको अध्ययन बीचबीचमा अवरुद्ध हुन पुग्यो । केही भाषालाई पूरै पनि छोड्नु पऱ्यो । यस बीच उहाँले धार्मिक शिक्षाको क्षेत्रमा धेरै महत्वपूर्ण कार्यहरू पनि सम्पन्न गर्नुभयो, जस्तो कि : बुद्धसम्बत २४८४ मा उहाँ वात्पवरनिवेस विहार शिक्षाकेन्द्रका व्यवस्थापक भई भिक्षु श्रामणेरहरूका लागि शिक्षा सञ्चालन गर्नुभयो ।

बुद्धसम्बत २४८८ मा थाई भिक्षुसंघको महाथेर समागमबाट विनयधर अधिकारीहरूमा उद्धरण (दरखास्त लिने) पदाधिकारी, महामकुट राजकीय विश्वविद्यालयको कार्यसमिति सदस्य तथा प्राचार्य पदमा नियुक्त हुनुभयो ।

२० वर्षको अथक प्रयास पछि उहाँले शुरु गर्नु भएको विश्वविद्यालयमा स्नातकोत्तर स्तरको पाठ्यक्रम निर्माण योजना सफल गर्नुभयो । उहाँले शिक्षा व्यवस्था परिचालनका लागि आवश्यक आर्थिक कोषको समेत व्यवस्था गरी भिक्षु श्रामणेर, विद्यार्थी र विभिन्न शैक्षिक संस्थाहरूलाई ठूलो मात्रामा आर्थिक सहयोग पनि गर्नुभयो ।

आध्यात्मिक साधनाका दृष्टिले उहाँ संघराज भन्ते शहरकै प्रतिष्ठित ध्यानी भिक्षु हुनुहुन्थ्यो । धर्मविनयको आचरणमा उहाँ अत्यन्त कडा हुनुहुन्थ्यो । उहाँले सदैव सादा र सन्तोषी जीवन यापन गर्नुभयो । आफ्ना गुरु राजकुमार भिक्षु संघराजचाउको साधना शैली उहाँको लागि आदर्श थियो । धर्मविनयको आचरण र ध्यानको अभ्यासमा पनि उहाँ आफ्ना उनै प्रथम ध्यानगुरुको


शैलीलाई पछ्याउनु हुन्थ्यो । उहाँले धार्मिक चिन्तन र ध्यानको अभ्यासलाई दैनिक कार्यकै रूपमा अनुशरण गर्नु भएको थियो ।

आफ्ना विचारहरू आदानप्रदान गर्न तथा धार्मिक छलफल गर्न उहाँ विभिन्न परम्पराका ध्यान साधना केन्द्रहरूमा पुगी त्यहाँका ध्यानगुरुहरूको संगत गर्नुहुन्थ्यो । उहाँ थाइलैंडको पूर्वउत्तर दिशाका विहारहरूमा नियमित रूपमा भ्रमणमा जानुहुन्थ्यो । त्यतिबेलाका ध्यान साधनामा पोख्त र सिद्ध मानिएका ध्यानी भिक्षुहरू ल्हुवङ्पूफ्वान् आचारो, ल्हुवङ्पूदुन अतुलो, ल्हुवङ्पूखाव अनालयो, ल्हुवङ्पूथेत देसरंसी, ल्हुवङ्तामहाबुव ञानसम्पन्नो, ल्हुवङ्फअबुद्ध ठानियो आदिकोमा उहाँ नियमित जसो पुग्नुहुन्थ्यो । यस्तै उत्तरी भागको चियाङ्माईस्थित वात् दअइमाय्पाङ् विहारमा गई ध्यानी भिक्षु ल्हुवङ्पूवायन् सुचिन्नो र दक्षिणको सुरातधानी अञ्चलस्थित वात् सुवन्मोक्ख विहार गएर ल्हुवङ्फअ बुद्धदास इन्दपञ्ञो लाई भेटेर छलफल गर्नुहुन्थ्यो ।

यस्तै जिज्ञासुभावले गर्दा नै उहाँ थाइलैंडका अग्रपंक्तिका शिक्षाविद् बन्नुभयो । उहाँ अत्यन्त बुद्धिमान, कुशल एवं आफ्नो परिवेशलाई राम्ररी बुझेका भिक्षु हुनुहुन्थ्यो । धर्मको सैद्धान्तिक र व्यावहारिक दुवै क्षेत्रमा पोख्त उहाँ विनम्र र सन्तोषी स्वभावका हुनुहुन्थ्यो । संयमी र धर्मविनय प्रति गौरव गर्ने उहाँ समाजमा धर्माचरण तथा साधनाका विषयमा आदि, मध्य तथा अन्तमा समेत उतिकैकटिवद्ध भनी प्रशंसित हुनुहुन्थ्यो ।

*यदि हामी मानिसहरू विद्या चाहन्छौं भने यथायोग्य यथाबल मेहनती हुनुपर्दछ । यदि धनसम्पत्ति तथा यशकीर्ति चाहन्छौं भने राम्ररी काम गर्नुपर्छ । यस्तो भए सफल होइन्छ । भन्नुको अर्थ आध्यात्मिक मात्र होइन सांसारिक क्षेत्रमा पनि आर्यअष्टांगिक मार्गको अनुशरण गर्नुपर्छ ।*

*"धर्मदानले सबै दानहरूलाई जित्दछ' बाट साभार*



# धर्म प्रचारमा मेहनती


*कुनै पनि कामको जिम्मा लिँदा त्यो कामको महत्ता अनुसार नै त्यसलाई पूरा गर्ने स्पष्ट प्रतिबद्धता देखाउनु जरुरी हुन्छ। यसरी प्रतिबद्धता देखाइसकेपछि मात्रै उसले सो काम जिम्मा लिएको ठहर्छ। अनि त्यो काम, पद वा जिम्मा कार्यान्वयन शुरु गर्दा हुन्छ। सो जिम्मा लिने व्यक्तिले सत्यप्रतिज्ञा तथा सत्यसंज्ञाको पालना गर्नुपर्छ। अर्थात् आफुले गरेको करार तथा प्रतिबद्धताको रक्षा गर्नुपर्छ। त्यसलाई कार्यरुपमा परिणत गरी साकार पार्नु पर्छ। त्यसलाई दिएको करार र प्रतिबद्धताको फलीफाप गर्नसक्नूपर्छ।*

*जीवन र सत्य (जीवित काप् ख्वामचिङ) बाट साभार*

बुद्धशासनको छत्रछायाँमा प्रवेश गरेदेखि नै राजगुरु भिक्षु सोमदेद् फ्रा ञाणसंवर भित्री हृदयदेखि नै शिक्षा र धर्मसेवामा दिलो ज्यानले लाग्नुभएको थियो।

पाली शिक्षाको कक्षा नौ उत्तीर्ण हुनेबित्तिकै उहाँले वात् पवरनिवेस विहारस्थित विद्यालयको संचालन, विकास तथा अन्य विहारको समेत विभिन्न कार्यहरू जिम्मा लिनुभयो। कुनै विहारमा केही समस्या आइपरे उहाँ तुरन्तै समाधान गर्न लागिपर्नु हुन्थ्यो। जसले गर्दा








उहाँको जिम्मामा रहेका कामहरू सधैं समय मै सम्पन्न हुन्थे । त्यसैले उहाँ विहाराधिपति राजकुमार भिक्षु सोमदेद् फ्रा संघराजचाउ क्रमल्हवङ् वजिरञाणवंशका घनिष्ठ विश्वासपात्र बन्नुभयो र अझै महत्वपूर्ण जिम्मेवारीहरू पाउनुभयो ।

बुद्धसम्बत २४८९ देखि उहाँ तत्कालीन राजकुमार भिक्षु सोमदेद् फ्रा संघराजचाउ क्रमल्हवङ् वजिरञाणवंशका सचिव हुनु भयो । यो अवधिमा उहाँले जीवन मै अत्यन्त महत्वपूर्ण कार्यहरू गर्ने अनुभव प्राप्त गर्नुभयो । उहाँले उच्चशिक्षा, धर्म व्याख्यान, प्रशासन सञ्चालन तथा विभिन्न तालिमका साथसाथै विपस्सना ध्यानको अभ्यासका विषयमा पनि सक्रियता देखाउँदै आइ रहनुभएको थियो ।

समय मै कार्य सम्पन्न गर्ने क्षमता भएका कारणले उहाँका जिम्मेवारीहरू पनि क्रमशः बढ्दै जान थाले । त्यसैले आफ्ना लागि सहायकहरू तयार गर्न उहाँले शिष्यहरू अन्तेवासिक र सद्धिविहारिकलाई शिक्षा र तालिम दिनुभयो । वात्पवरनिवेस विहारमा फ्रापाद सोमदेद् फ्रा चअमक्लाउचाउयूहुव (रामा चौथो) राजा भिक्षुचर्या कालमा विहाराधिपति भएदेखि नै यस्तो परम्परा थियो । आफू उपाध्याय भएको नाताले उहाँले पनि यो परम्परालाई निरन्तरता दिनुभयो ।

वर्षावासकालमा धेरै नयाँ भिक्षु श्रामणेरहरू सहभागी भएका हुन्छन् । त्यही अवसरमा उहाँले हरेक दिउँसो एक घन्टा नयाँ भिक्षु श्रामणेरहरूलाई भगवान् बुद्धको देशना सूत्र र विनय सिकाउनुहुन्थ्यो । धर्माचरण सम्बन्धमा त उहाँले वर्षभरि नै हरेक पूर्णिमा र औंसी गरी महिनाको दुईदिन उपोसथागर मन्दिरमा धर्मदेशना दिनुहुन्थ्यो भने साताको दुई दिन ध्यान अभ्यासका बारेमा प्रवचन दिनुहुन्थ्यो । ध्यान सम्बन्धी प्रवचन भएको भोलिपल्ट साँझ सात बजेदेखि धर्मव्याख्या र त्यसपछि १५-२० मिनेटसम्म ध्यान साधना सिकाउनुहुन्थ्यो । त्यस्तो धर्म श्रवण र ध्यान साधना अरु उपासक उपासिकाहरूका लागि समेत खुल्ला गरिन्थ्यो । बुद्धसम्बत २५०४ देखि विहाराधिपतिका नाताले उहाँले यो कार्य शुरु गर्नुभएको थियो ।

बुद्धसम्बत २५०५ को भिक्षुसंघ प्रशासनिक कानून अनुसार बुद्धसम्बत २५०६ मा उहाँ संघराज भन्ते महाथेर समागमको पहिलो कार्यसमितिको सदस्य चुनिनुभयो । त्यसै बेलादेखि उहाँ महाथेर समागमको विधान मस्यौदा समितिका सदस्य पनि बन्नुभयो । उहाँ थाइलैंडका भिक्षु संघ तथा बौद्ध अनुयायीहरूलाई शिक्षा तथा तालिम दिनुमा मात्रै सीमित रहनुभएन । उहाँले धर्मप्रचारको दायरालाई विस्तार गरी बौद्ध क्रियाकलाप र बुद्धशासन प्रतिको श्रद्धालाई विदेशीहरूका माझ पनि फैलाउनुभयो ।



बुद्धसम्बत २५१२ सालमा उहाँले अंग्रेजीमा धम्मक्लास शुरु गर्नुभयो। यसमा विदेशी भिक्षु, श्रामणेर तथा गृहस्थीहरूले प्रवचन सुन्ने तथा धर्माचरणको अभ्यास गर्ने व्यवस्था थियो। संघराज भन्ते स्वयम्ले यसमा अंग्रेजी भाषामा प्रवचन दिनुहुन्थ्यो। यस क्रममा थुप्रै उल्लेखनीय विदेशी गृहस्थहरू उहाँका अनुयायी बने, जस्तो कि थाइलैण्डका लागि तत्कालिन अमेरिकी राजदूतकी श्रीमती चोसेफिन स्टेनटान्, प्रसिद्ध अमेरिकी लेखक तथा पत्रकार चेन हाय्मिल्टान-मेरिट आदि। अमेरिकादेखि संघराज भन्तेको धम्मक्लासमा विद्यार्थी हुनुभएका पत्रकार हाय्मिल्टानले पछि आफ्नो अनुभव समेटेर 'अ मेडिटेटर्स डायरी' नामक पुस्तक नै लेख्नुभएको थियो। उहाँको यो पुस्तक पछि थाई भाषामा अनुवाद भई 'माय्मखाउवाद् (विदेशी महिला विहार मा)' शीर्षकमा प्रकाशित भयो।

संघराज भन्तेले धर्मदूत तालिम पनि सञ्चालन गर्नुभएको थियो। त्यसमा उहाँले विदेशमा धर्मप्रचार गर्नजाने भिक्षुहरू, तालिम केन्द्रका भिक्षुहरू र वात् पवरनिवेस विहारमा भिक्षु भई अध्ययनरत विदेशी भिक्षुहरूलाई अंग्रेजीमा धम्मक्लास सञ्चालन गर्ने जिम्मा दिनुहुन्थ्यो। त्यस्तो जिम्मा पाएका भिक्षुहरूले पालैपालो धर्मव्याख्यान गर्नुपर्ने हुन्थ्यो। यो क्रियाकलाप विदेशीहरूलाई बुद्धधर्मतिर आकर्षित गर्ने एउटा सशक्त माध्यम बनेको थियो। यसै क्रममा बुद्ध धर्मप्रति रूची राख्ने विदेशीहरूका लागि वात् पवरनिवेस विहारको इन्टरनेशनल सेक्सन (गणसूङ्नानाजात) भित्र अंग्रेजीभाषाको बौद्ध पुस्तकालय स्थापना गर्नु भयो।

बुद्धसम्बत २५१६ मा उहाँ 'सोमदेद् फ्रा ञाणसंवर' भनिने राजदिन्न श्रमणपद र धम्मयुत्तिक भिक्षुसंघका उपप्रमुख पदमा बहाल हुनुभयो। त्यसै बेला उहाँले भिक्षुसंघको निरीक्षण भ्रमणका क्रममा थाईलैण्डको इशान प्रदेशस्थित नगरराजसीमा, खअनक्याय्न, उपलराजधानी, बुरीराम् आदि नौ अञ्चलको १० दिने भ्रमण गर्नुभयो। त्यसमा उहाँले ३७ वटा विहार, विद्यालय तथा सरकारी कार्यालयहरू समेतको निरीक्षण गर्नुभएको थियो। उहाँको त्यो भ्रमण विविध कारणले अत्यन्त महत्वपूर्ण रह्यो किन कि त्यही एक भ्रमणमा उहाँले आफ्नो प्रभावपूर्ण उपदेश मार्फत इशान क्षेत्रका बुद्ध धर्मावलम्बी भिक्षु श्रामणेर मात्र होइन सर्वसाधारण विद्यार्थी, कर्मचारी, सैनिक, प्रहरी तथा अरु आम जनतालाई समेत धर्म प्रति रूची र चेतना जगाउने महान कार्य गर्नुभएको थियो।



धर्मप्रति रूची राख्नेहरू बीच धर्माचरणको जग निर्माण गर्न उहाँले शुरु गर्नुभएको अर्को एउटा उल्लेखनीय कार्य भनेको हरेक उमेर र अवस्थाका बुद्धानुयायीहरू माझ पनि समाधी र ध्यानको अभ्यास गर्ने चलनलाई व्यापक प्रचार प्रसारमा ल्याउनु पनि थियो । यो काम उहाँले बुद्धसम्बत २५१९ सालमा कृषिशास्त्र विश्वविद्यालयमा दर्शन तथा धर्म संकायका विद्यार्थीहरूलाई विशेष कोर्स सिकाउन निमन्त्रणा गरेदेखि शुरु गर्नुभएको थियो । उहाँले त्यहाँ सिकाउनुभएको विषय आजभोलि बुद्धशासन अनुरुपको ध्यान (बौद्ध ध्यान) भनी खुब प्रचार भएको छ। यसको उद्देश्य थियो विद्यार्थीहरूलाई समाधि भावना वा ध्यान गर्ने विषयको सैद्धान्तिक तथा व्यावहारिक कुराहरूको जानकारी दिनु अर्थात् विद्यार्थीहरूमा नैतिक ज्ञान तथा असल चरित्र निर्माणमा सहायक हुने शिक्षा तथा तालिम दिनु। त्यसपछि उहाँलाई विभिन्न शैक्षिक संस्थाहरू मात्र नभई सरकारी विभाग र विभिन्न संघसंस्थाहरूबाट पनि ध्यान सिकाउन प्रशस्त निमन्त्रणाहरू आउन थाले । अन्ततः धेरै विद्यालय र शैक्षिक संस्थाहरूले ध्यान अभ्यासको महत्वलाई मध्य नजर गरी आ-आफ्नो पाठ्यक्रममा बुद्धधर्मका विषयवस्तुहरू पनि थप्दै लगे ।

महामकुट राजविद्यालय फाउण्डेशनका कार्यकारी प्रमुखका हैसियतले उहाँले अर्थकथा सहित त्रिपिटकलाई थाई भाषामा अनुवाद गराउनु भयो । बौद्ध ग्रन्थ त्रिपिटक र अर्थकथाहरू एकै साथ संयुक्त रुपले अनुवाद गरी ९१ वटा पुस्तकाकारमा छापिएको संसारमै पहिलो मानिन्छ । उहाँको यो कार्यले बुद्धधर्म र बुद्ध शिक्षालाई अझ विस्तारमा प्रचार प्रसार गर्न ठूलो टेवा पुऱ्याएको थियो । यो कार्य बुद्धशासनिक क्षेत्रमै एक महत्वपूर्ण नेतृत्वदायी अभियान थियो किन कि यो भन्दा पहिले यसप्रकारको काम कहीं कसैले पनि गरेका थिएनन् ।

उहाँ संघराज भन्तेले पहिलेदेखि अत्यन्त उत्साहपूर्वक गर्दै आउनु भएका सबैजसो क्रियाकलापहरू अहिले झन् झन् सफल र सबल भई झ्याँगिदै गइरहेको छ । उहाँले शुरु गर्नुभएका नयाँ अभियानहरूलाई नै अहिले समयानुकुल थपथाप गर्दै बुद्धशासनलाई निरन्तर झलमल बनाउँदै लाने कार्य भइरहेको छ ।

*मनलाई सुख र स्वच्छ बनाउने काम अरु कसैले गरिदिएर हुँदैन, हामी आफैले गर्नुपर्छ । गर्ने तरिका यस्तो छ- जब हामीमा लोभ, क्रोध तथा मोह उत्पन्न हुन्छ छिटो भन्दा छिटो स्मृतिलाई जगाएर सो अवस्थालाई जान्ने कोसिस गर्नु । प्रज्ञाको उपयोग गरी त्यो अवस्थामा संयम गर्नु । यसमा ढिला नगर्नु । घरमा आगलागी हुँदा जस्तै हो । जति ढिलो भयो त्यति नै आगो निभाउन गाऱ्हो हुन्छ । त्यसबाट अनावश्यक नोक्सानी पनि धेरै हुन्छ।*

*कुशलपूण्यउज्यालो जस्तैहुन्छ बाट साभार*

*लोभ, क्रोध तथा मोह भनेको चित्तलाई छोपेर बस्ने ताप हुन्, अँध्यारा हुन् । यी उज्यालोलाई पूरै छेकेर बसिरहेका धेरै मोटा र बलिया गारो जस्तै हुन् । यिनले चित्तमा उज्यालो पर्नबाट रोकिरहेको हुन्छ । वस्तुतः हाम्रा चित्त सधैं परिशुद्ध नै छ । प्रभाश्वर छ । उज्यालो छ । दुःखको कुरा त यो हो कि हामी कृतिम विचार तथा कल्पनाका उपक्लेस रूपी गारोले चित्तलाई छोपेर अँध्यारो पारी बसिरहेका छौं ।*

*चित्तलाई उज्यालोपार्ने प्रकाश (सायङ्सअङ्चाई) बाट साभार*

# विश्वमा फैलिएको सुगन्ध

*कुरो यो पनि छ कि भगवान् बुद्धले धर्मप्रचार वा बुद्धशासनको स्थापना पहिलेदेखि विकसित भएको ठाउँमा नै गर्नुभयो । उहाँले धर्मप्रचार प्रव्रजितहरू माझ गर्नु भयो । ती प्रव्रजितहरू पहिलेदेखि नै राम्रो उद्देश्य लिएका तथा सदाचरण गर्दै आइरहेका थिए । उनीहरू पहिल्यैदेखि विद्वान रहिआएका थिए । गृहस्थीहरू माझ पनि भगवान् बुद्धले मनुष्यहरूको अगुवा रहेका राजा, मन्त्री, ब्राह्मण तथा गृहपति आदिमा धर्मप्रचार गर्नुभयो । उनीहरूपनि पहिल्यैदेखि बुद्धिमान र विद्वान थिए । जब यिनीहरूलाई धर्मको ज्ञान भयो, बुद्धधर्म ग्रहण गरे, र अरु मानिसहरू पनि उनीहरू कै पछि पछि लागेर धर्मावलम्बी भए ।*

*भगवान् बुद्धको ४५ वर्ष (४५ फन्सा खअङ् फ्रा बुद्धचाउ) बाट साभार*

उहाँ संघराज भन्तेले किञ्चित मात्र पनि अधैर्य र हतोत्साहित नभई सुदूर भविष्यको लागि अर्को एउटा ठूलो उद्देश्य लिनुभएको थियो, त्यो हो- भगवान् बुद्धका उपदेशहरू विश्वमा अझ विस्तार र प्रचार गर्ने ।

विदेशमा धर्मप्रचार गर्न जाने भिक्षुहरूलाई तालिम दिने संस्थाका प्रमुख व्यवस्थापकका नाताले विदेशमा धर्मप्रचार गर्ने क्रियाकलापहरूको जिम्मेवारी लिई बुद्ध सम्बत् २५०९ मा उहाँले बेलायतको राजधानी लण्डनस्थित वात्बुद्धप्रदीप विहारको उद्घाटन कार्यक्रममा भिक्षुसंघको नेतृत्व गरी भाग लिनुभयो । उक्त विहार इङ्लैण्ड मात्र नभई पूरा युरोप महाद्वीपमै सर्वप्रथम निर्मित थाई विहार थियो । उहाँको उक्त यात्रा थेरवादी बुद्धशासनको जरा पश्चिम जगतमा फैलाउन तथा एक आपसमा मैत्रीसम्बन्ध वृद्धि गर्नुका अलावा इङ्लैंड तथा इटालीमा सञ्चालित बुद्धानुयायीहरूका धार्मिक



क्रियाकलापहरूको निरीक्षण तथा अनुसन्धान गर्ने सुनौलो अवसर पनि साबित भयो । त्यसपछिका वर्षहरूमा उहाँ नेपाल, श्रीलंका, इण्डोनेशिया, अष्ट्रेलिया, फिलिपिन्स लगायत अन्य देशहरूको धार्मिक भ्रमणमा पनि जानुभयो ।

उहाँ संघराज भन्तेले निःस्वार्थ भावनाले प्रारम्भ गर्नुभएका बुद्धशासनिक क्रियाकलापहरूले अहिले विश्वका धेरै देशहरूमा अझ विकसित रूपमा निरन्तता पाइरहेका छन् । इण्डोनेशियाको भिक्षु संघसँग उहाँले कायम गर्नुभएको मैत्रीपूर्ण सम्बन्धले इण्डोनेशियामा बुद्धशासनको उद्धार भएको छ । उहाँले धर्मदूत भिक्षुहरू पठाएर इण्डोनेशियामा जसरी धर्म प्रचारको काम थालनी गर्नुभएको थियो त्यो अहिलेसम्म निरन्तर जारी नै छ । यस क्रममा उहाँ आफैंले पनि धेरै पटक इण्डोनेशियाको यात्रा गरी त्यहाँका कुलपुत्रहरूलाई प्रव्रजित गर्नुभएको छ । यही सत्कार्यले गर्दा उहाँलाई इण्डोनेशियामा थेरवादी भिक्षुसंघ परम्पराका संस्थापक मानिन्छ । अहिले इण्डोनेशियामा थेरवादी बुद्धधर्म बलियोसंग स्थापित भएको छ । त्यहाँ प्रथमतः धर्मचक्र जय विहार स्थापना भएको छ । अहिले त्यहाँ धेरै भिक्षु श्रामणेरहरू छन् । देशभरी नै थाई विहारहरू फैलिएको देख्न सकिन्छ ।

उहाँ संघराज भन्तेले बुद्धधर्मको विकास तथा भिक्षुसंघको पुनरुत्थानमा सहयोग गर्नुभएको एउटा महत्वपूर्ण देश नेपाल पनि हो । थाईलैण्डमा विद्या अध्ययन गर्न आएका नेपाली भिक्षु श्रामणेरहरूलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्थाबाट उहाँ ले यो कार्य आरम्भ



*बुद्धसम्बत २५३६ : बेइजिङको नान्हाइ राष्ट्रपति भवनमा चीनियाँ राष्ट्रपति जियाङ जेमिन परमपूज्य संघराजको स्वागत गर्दै ।*

गर्नुभएको थियो । पछि नेपालका भिक्षुसंघबाट भिक्षु श्रामणेरहरूलाई थाईलैण्डमा अध्ययनार्थ पठाउने काम क्रमशः वृद्धि हुदै जान थाल्यो । अहिले व्यवस्थित ढंगले पठाइएका नेपाली भिक्षु श्रामणेरहरू थाईलैण्डभरी नै अध्ययन तथा अभ्यास गरिरहेका भेट्न सकिन्छ । यहाँ अध्ययन पूरा गरी नेपाल फर्केका केही भिक्षुहरूले नेपालमा बुद्धशासनको सेवा, विकास र प्रचार प्रसारमा अत्यन्त महत्वपूर्ण योगदान दिइरहेका छन् । उहाँ संघराज भन्ते आफैले पनि बारम्बार नेपाल भ्रमण गर्नुभएको छ । तेश्रो पटकको यात्रामा उहाँले त्यहाँका नेपाली शाक्य कुलपुत्रहरूलाई प्रव्रज्या समेत दिनुभएको थियो । यस्ता क्रियाकलापहरूले नेपालमा बुद्धशासनको जरा बलियो पार्न अवश्य पनि उल्लेखनीय सहयोग गरेको छ ।

बुद्धसम्बत २५३६ सालमा चीन सरकारको निमन्त्रणामा उहाँले चीनको औपचारिक भ्रमण गर्नुभएको थियो । चीन सरकारकै तर्फबाट औपचारिक निमन्त्रणामा चीन भ्रमण गर्ने पहिलो वरिष्ठ बौद्ध धार्मिक नेता उहाँ नै हुनुहुन्थ्यो । त्यसपछि बुद्धसम्बत २५४१ सालमा उहाँले जापानको भ्रमण गर्नुभयो । पहिलो विश्व बौद्ध प्रचार सम्मेलन (द फर्स्ट वर्ल्ड बुद्धिस्ट प्रोपागेशन कन्फ्रेन्स) मा प्रमुख अतिथिका रूपमा सहभागी हुन उहाँ जापान जानुभएको थियो । त्यस पछिका यही सम्मेलनहरू उहाँले थाईलैण्डमा आयोजना गराउनुभएको थियो ।

उहाँ आफैले मैत्रीपूर्ण भ्रमण गरी बुद्धशासनको उन्नतिमा योगदान गर्नुभएका देशहरू विश्वमा धेरै छन् । ती मध्ये भारत, क्यानाडा, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया र यूरोपका केही देशहरू उल्लेखनीय छन् । ती देशहरूका बौद्ध अनुयायीहरू बीच धार्मिक जागरण जगाउन उहाँले ठूलो योगदान गर्नुभएको छ । कतिपय देशहरूमा उहाँकै अथक प्रयास स्वरुप बौद्ध विहारहरू समेत निर्माण भएका छन् । अष्ट्रेलियामा वात्बुद्धरंसी विहार, अमेरिकामा वातक्यारोलाइना बुद्धचक्रवनाराम विहार र नेपालमा वात् थाइ-लुम्बिनी विहार उहाँकै अगुवाईमा निर्माण भएका थाई विहारहरू हुन् ।

थाईलैण्डका छिमेकी मुलुकहरूसँग सुमधुर सम्बन्ध स्थापना गर्न उहाँको धार्मिक क्रियाकलापहरूले पनि उत्तिकै महत्वपूर्ण योगदान गरेको छ । उहाँ संघराज भन्ते छिमेकी मुलुकहरूलाई पनि अत्यन्त महत्व दिनुहुन्थ्यो । उहाँले बुद्ध धर्म मार्फत ती



देशहरूसँग थाईलैण्डको मैत्रीसम्बन्ध स्थापना गरी त्यसलाई सुदृढ समेत गर्नुभएको थियो । जस्तो कि बुद्ध सम्बत् २४९५ सालमा कम्बोडियाको फनमपेन शहरमा भएको अग्रश्रावकहरूको अस्थिधातुको यात्रा तथा पूजा सत्कार समारोहमा उहाँले भाग लिनुभएको थियो । त्यस्तै थाई भिक्षुसंघको नेतृत्व गरी उहाँ म्यानमारको याङ्कुङ् शहरमा भएको छैठौं बौद्ध संगायनाको दोश्रो सन्निपातमा सहभागी हुनुभएको थियो (बुद्धसम्बत २४९७) । म्यानमार सरकारले उहाँलाई आफ्नो देशको सर्वोच्च संघराज सम्मान 'अभिधजमहारट्ठगुरु' द्वारा सम्मानित गरेको थियो (बुद्धसम्बत २५३४) । यसरी आफ्ना छिमेकी देशहरूसँग धार्मिक गतिविधिद्वारा मैत्रीपूर्ण सम्बन्ध स्थापना गर्न पनि उहाँले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ ।

उहाँका यिनै उत्साह र प्रयासले गर्दा विश्वका विभिन्न देशहरूमा थेरवाद बुद्धधर्म व्यापक हुन ठूलो सहयोग पुग्न गएको छ । उहाँ जुनसुकै देशको भ्रमणमा जानुभए पनि उहाँको सौम्य आचरण र खुल्ला हृदयले सबैलाई मुग्ध पारेको देखिन्छ । उहाँसँग भेट गर्नेहरू जो कोही पनि खुशी नभई रहन सक्दैनन् । एक झलक देख्नेहरू समेत प्रफुल्लित हुन्छन् । उहाँको यो शीलसदाचाररुपी सुगन्ध विश्वभर फैलिएको छ । थाईलैण्ड र विश्वका अरू मुलुकहरूसँग उहाँले बनाइदिएको सम्बन्धको सुमधुर गाँठो सदैव प्रगाढ र उन्नतिमुख रहेको छ ।

*संसारमा मनको आनन्दी जस्तो सुख अरु छैन । यो आनन्दी मन पनि मैत्रीभावले जति अरु कुनै हेतुबाट आउँदैन । त्यसो हुनाले मैत्रीभावको अभ्यास गर्नु अतीनै जरुरी तथा महत्वपुर्ण छ ।*

*चित्तलाई उज्यालोपार्ने प्रकाश (सायङ्सअङ्चाई) बाट साभार*



(दोस्रो दाया बाट) सन् १९५४ : परमपूज्य संघराजा रंगुन म्यानमारमा छैठौं बौद्ध संगायनामा भागलिनुहुंदै ।



# बुद्धशासनको मुख्य खम्बा

एउटै समूह वा देशमा बस्ने हरेक मानिसले सामुहिक सुख शान्तिको लागि आआफ्नो तर्फबाट जिम्मेवारी लिनुपर्छ। तर अगुवा मानिसले त अगुवाको हैसियतले सबैभन्दा पहिले आफ्ना अनुयायी वा आफ्ना अभिभावकत्वमा बस्ने सदस्यहरूकालागि उदाहरण वा आदर्श हुनेगरी आचरण गर्नुपर्छ। अनि मात्र अगुवा भन्न सुहाउँछ। त्यसो हुनाले अगुवा झन आफ्नो समूह वा देशका अरुभन्दा बढी अभिभाराको जिम्मेदार हुनुपर्दछ। त्यसो हुनाले नै हो बुद्धशासनमा अगुवा अथवा नेता जो आफ्नो समूह वा देशको संचालक हो उनको लागि धर्माचरणमा विशेष धेरै जोड दिइएको छ।

राजधर्म तथा समाज विकास (राजधम्मकापफढनासंगम) बाट साभार



## जनताका भिक्षु

### परमपूज्य सोमदेद् फ्रा ञाणसंवर सोमदेद् फ्रा संघराज सकलमहासंघपरिणायक

बुद्ध सम्बत २५३२ अप्रिल २१ तारिख शुक्रवारका दिन वात् फ्रा श्रीरतनशास्ताराम विहार (ग्राण्ड प्यालेस) मा देशभरिका बुद्धानुयायीहरूका लागि चिरस्मरणीय एउटा महान् समारोह गरिएको थियो । त्यो थियो रत्नकोसिन्द्रको १९औं नयाँ संघराज स्थापनाको राजकीय समारोह । उक्त समारोहमा उहाँ संघराजको पद नाम रहन गयो - सोमदेद् फ्रा ञाणसंवर सोमदेद् फ्रा संघराज सकलमहासंघपरिणायक (चरन् सुवड्ढनो) ।

संघराज भन्तेलाई सोमदेद् फ्रा ञाणसंवर भन्ने राजाबाट प्रदत्त पदनाम (दर्ज्यानि नाम) बुद्ध सम्बत २५१५ मा सोमदेद् फ्रा राजागण पदमा स्थापना हुँदा प्राप्त भएको थियो । यसको अर्थ हुन्छ 'ज्ञानद्वारा संयम गर्ने व्यक्ति' । यो राजदिन्ननाम फ्रा बुद्धलत ला नभालाई (रामा प्रथम) राजाबाट तत्कालीन विपस्सनाधुरमा विशेषता पाएका एक महास्थविर भिक्षुलाई मात्र प्रदान भएको थियो । बुद्ध सम्बत २३५९ सालमा यो पदनाम सोमदेद् फ्रा ञाणसंवर (सुक) स्थापना गरिएको थियो । बुद्धसम्बत २३६३ सालमा उनी सोमदेद् फ्रा संघराज पदमा नियुक्त भएपछि यो सोमदेद् फ्रा ञाणसंवर पदनाम अरु कसैलाई प्रदान भएको पाइँदैन । यसरी १५२ वर्षपछि आएर यो पदनाम प्राप्त गर्ने उहाँ संघराज भन्ते नै पहिलो व्यक्ति हुनुहुन्छ ।

उहाँलाई 'सोमदेद् फ्रा संघराज' दर्जामा पदोन्नति गरिए पनि पहिले कै नाम जोडिएर '**सोमदेद् फ्रा ञाणसंवर सोमदेद् फ्रा संघराज सकलमहासंघपरिणायक**' भन्ने पदनाम प्रदान भएको थियो । यसरी उहाँ संघराज भन्ते अरू संघराजहरूलाई संवोधन गरिने 'सोमदेद्फ्रा अरियवंशागतञाण'का ठाउँमा भिन्नै पदनाम पाएका गैर राजपरिवारका पहिलो संघराज हुनुहुन्छ ।

धेरै समय अघिदेखि उहाँ संघराज भन्तेको यशकीर्ति परियत्तिधर (बुद्धशास्त्र त्रिपिटकमा विद्वान) का रूपमा विश्वभरि फैलिएको थियो । उहाँ आचरण र व्यवहारमा परिशुद्ध र धर्मसम्बन्धी सिद्धान्तका धुरन्धर ज्ञानी हुनुहुन्थ्यो । उहाँको आदर्शयोग्य जीवनशैलीका कारण उहाँ बुद्धानुयायीहरू बीच अत्यन्त सम्मानित र प्रिय हुनुहुन्थ्यो ।

देशमा सुखशान्ति तथा सुव्यवस्था कायम राख्ने मुख्य उद्देश्यका साथ उहाँ युवावर्ग र



सर्वसाधारण जनतालाई धर्मको ज्ञान तथा तालिम दिन सधैँभरि दृढतापूर्वक लागिरहनु भयो। त्यसको लागि राजसंस्थाप्रति वफादार भई बस्न पनि उहाँ जनतालाई शिक्षा र अभ्यास गराउनु हुन्थ्यो। उहाँ भित्री मनदेखि मान्नुहुन्थ्यो कि राजसंस्था थाई जनताका मुटुहरूको संगमकेन्द्र हो जसले देशमा एकता कामय राख्छ र मुलुकलाई सबल बनाउँदछ।

बुद्ध सम्बत २४९९ मा उहाँ सोभणगणाभरण भन्ते पदमा रहेको बेला थाईलैण्डका वर्तमान राजा धर्म र विनयको आचरण गर्न १५ दिनसम्म भिक्षु बनेर वात्पवरनिवेस विहारमा राज होइबक्सेको थियो। सो अवधिमा प्रव्रजित राजालाई हेरविचार गर्ने र धर्म आचरण सिकाउने अभिपालक भिक्षुको जिम्मा उहाँले पाउनुभएको थियो।

त्यस्तै बुद्ध सम्बत २५२१ सालमा थाईलैण्डका युवराज महावजिरालंकरण प्रव्रजित भई १५ दिनसम्म वातपवरनिवेस विहारमा राज होइबक्सेको बेलामा पनि उहाँ संघराज भन्तेले कर्मवाचाचार्य (गुरु) हुने निमन्त्रणा ग्रहण गर्नुभएको थियो। त्यस बेला पनि पूरै अवधि युवराज भिक्षुलाई धर्मविनयको ज्ञान प्रदान गर्ने जिम्मेवारी उहाँले निर्वाह गर्नुभएको थियो।

उहाँ संघराज भन्ते आफूलाई आएको जिम्मेवारी समयमै सफलतापूर्वक सम्पन्न गर्नुहुन्थ्यो। त्यसैले पनि उहाँ सदैव थाई महाराजाधिराजका आदरपात्र हुनुभएको थियो। राजपरिवारबाट सम्पन्न गरिने राजकीय समारोह तथा व्यक्तिगत दानपूण्यका कार्यहरूमा राजा रानीलाई धर्मदेशना दिने, धर्मकथा सुनाउने जिम्मा पनि उहाँ नै सम्पन्न गर्नुहुन्थ्यो। राजपरिवारका अन्य सदस्यहरूसँग पनि उहाँको सम्बन्ध घनिष्ठ र सम्मानपूर्ण थियो। राजपरिवारका सदस्यहरूबाट हुने विभिन्न दानपुण्यका कार्यहरूमा आमन्त्रित भई धर्म बारे छलफल गर्ने तथा व्याख्यान दिने प्रमुख भिक्षु पनि उहाँ नै हुनुहुन्थ्यो। उहाँको रेखदेखमा हुने शासनिक कार्यहरू देशभरी नै बलियोसँग फैलिएको छ। उहाँले विभिन्न तह तथा स्थानका ठूला स्थविर भिक्षुहरूलाई जिम्मा लगाई भिक्षुसंघ मण्डलको स्थानीय प्रशासनिक संजालमा संलग्न गराउनु भएको थियो। र, आफ्नो सर्वोच्च जिम्मेवारीका दृष्टिकोणले उहाँ ती कार्यहरूको नियमित निरीक्षण तथा अनुगमन गरिरहनु हुन्थ्यो। नियमका कुनै कुरा व्यवहारमा बाधक देखिए भने तिनलाई सरल र समयानुकूल संशोधन गरिदिनुहुन्थ्यो। यसले संघमण्डलका कार्यहरू सम्पन्न गर्न सहज हुन्थ्यो।






शासनचक्रका प्रतिनिधि भई विभिन्न देशबाट थाईलैण्ड आउने विशिष्ट पाहुनाहरूलाई भिक्षुसंघ प्रमुखको हैसियतले उहाँ नै स्वागत गर्नुहुन्थ्यो । ती अभ्यागत प्रमुखहरूका बीच पनि उहाँ सधैं प्रशंसित हुनुहुन्थ्यो । थाईलैण्ड जस्तो बुद्धधर्मका लागि अत्यन्त महत्वपूर्ण गढ मानिएको देशले विश्वभरी नै बुद्ध धर्म प्रचारका लागि निर्वाह गर्नुपर्ने भूमिकालाई उहाँले एक सर्वोच्च आध्यात्मिक नेताका रूपमा सफलतापूर्वक निर्वाह गरी विश्वमञ्चमा सम्मानित पनि हुँदै आउनुभएको छ । त्यस्ता अन्तर्राष्ट्रियस्तरका कार्यहरूमा उहाँले आफ्नो विनम्रता, दयालु भावना र सदाचारिता जस्ता गुणहरूको प्रभावले सबैलाई प्रभावित गर्नुहुन्थ्यो । तत्क्षण निर्णय गर्ने र नेतृत्व प्रदान गर्ने उहाँको विलक्षण क्षमता पनि सबै बीच उतिकै प्रशंसित थियो ।

तिब्बतका धार्मिक नेता दलाई लामासँग उहाँको दरिलो मैत्री सम्बन्ध थियो । बुद्ध सम्बत् २५१० मा दलाई लामाले थाईलैण्डको पहिलो भ्रमण गर्नुभएको थियो । त्यस बेला उहाँले वात्पवरनिवेस विहारको निरीक्षण पनि गर्नुभएको थियो । सो अवसरमा दलाई लामालाई उहाँ संघराज भन्तेले थेरवादी परम्परामा ध्यान गर्ने तरिकाबारे जानकारी गराउनु भएको थियो । बुद्धसम्बत २५३६ मा दलाई लामा दोस्रो पटक थाईलैण्ड आउनुहुँदा वात्पवर निवेस विहारको उपोसथागार मन्दिरमा भएको भेटघाट कार्यक्रममा दलाई लामाले उहाँ संघराज भन्तेलाई 'मेरा दाज्यू' भनी संबोधन गर्नुभएको थियो । बुद्धशासनका मुख्य निकाय थेरवाद र महायानका दुई ठूला आध्यात्मिक नेताहरू बीच एकआपसमा भएको उक्त हार्दिक सम्मान तथा मैत्रीभाव नै यी दुई सम्प्रदाय बीच सम्बन्ध प्रगाढ गर्ने आधार बनेको थियो ।

श्रामणेर प्रव्रज्या प्राप्त भएदेखि अविछिन्न ६० वर्षसम्म भगवान् बुद्धको शासनिक सेवामा अनवरत लागिरहँदा उहाँ कहिल्यै पनि थकित हुनुभएन, न कहिले निराश नै हुनुभयो । यही सेवा कै क्रममा अन्ततः उहाँ संघमण्डल नेतृत्वको सर्वोच्च पद मै पुग्नुभयो । गत २५ वर्षदेखि उहाँ सोमदेद् फ्रा ञाणसंवर सोमदेद् फ्रा संघराज सकलमहासंघपरिणायक पदमा आसिन रही भिक्षु संघको प्रमुख तथा थाईलैण्डको बुद्धशासनको केन्द्रमा रही अत्यन्त महत्वपूर्ण नेतृत्वकारी जिम्मेवारी वहन गर्दै आइरहनु भएको थियो ।

*धर्मलाई देख्नु भनेको कुशल वा अकुशल चित्तको भाव अथवा स्वभावलाई देख्नु नै हो । अथवा जस्ताको तस्तै देख्नु हो ।*
*भगवान् बुद्धले के सिकाउनुभयो ? (फ्राबुद्धचाउसोङसअनअराई) बाट साभार*





# उहाँको विलक्षणता:

*बुद्धशासनमा चलाख भन्नु नै प्रज्ञावान् हुनु हो । अर्थात हेतुफललाई बुझ्नु हो । हेतुफललाई बुझेको भन्नु पनि हेतुलाई जानेको, फललाई जानेको भनिएको हो । हेतुफल बुझेका व्यक्तिलाई थाहा हुन्छ कि कुन हेतु असल हो, कुन खराब हो । कुन फल असल हो, कुन फल खराब हो । उसले यो पनि जानेको हुन्छ कि असल हेतुले असल फल दिन्छ, खराब हेतुले खराब फल दिन्छ । खराब फल दिने असल हेतु छैन । असल फल दिने खराब हेतु पनि छैन । यसरी जसले हेतु र फललाई यथार्थ रूपमा जानेको हुन्छ त्यही व्यक्तिलाई प्रज्ञावान् भनिन्छ र उसैलाई बुद्धशासनमा चलाख भनिन्छ । उसले खराब काम गर्दैन । उसले वीरतापूर्वक असल कामहरू गर्दछ । यसमा ऊ अलमल हुँदैन र निराश पनि हुँदैन । चाहे जतिसुकै र जस्तोसुकै शारीरिक वा मानसिक श्रम गर्नपरोस् वा धनसम्पत्ति लगानी गर्नपरोस् उसले असल फल पाउन त्यस्ता कामहरू गरि नै रहेका हुन्छन् । त्यसबाट आफू तथा समुदायलाई अवश्यमेव फाइदा हुन्छ ।*

*सोभणकथा धर्मदेशना : थाईलैण्डकी महारानीको शुभजन्मोत्सवको उपलक्षमा अमरिन्द्रविनिच्छय राजबैठक ग्राण्डप्यालेस दरबारमा आयोजित पुण्यकार्यमा गरिएको धर्मदेशना*

*सोमवार १२ अगस्ट बुद्धसम्बत २५३४*

'प्रज्ञा संसारलाई उज्यालो पार्ने प्रकाश हो। ज्ञानीहरूले आफूलाई दमन गर्दछन्।' यो अंश संघराज भन्तेको थाई भाषामा अनूदित पाली पुस्तकबाट लिइएको हो। यसमा उहाँको प्राज्ञिक क्षमता प्रष्ट देखिन्छ। शिक्षा क्षेत्रमा सदैव जिज्ञासु रहेकाले उहाँको बौद्धिक क्षमता वृद्धि भएर चलाख भई सैद्धान्तिक (परियत्ति) तथा व्यावहारिक (प्रतिपत्ति) दुवै क्षेत्रमा उच्चस्तरमा पुग्नुभएको थियो। उहाँ व्यापक र दूर दर्शी दृष्टिकोण भएका शिक्षाविद् हुनुभएकोले बुद्धशासनका विषयमा सधैँ उत्सुकता जगाइरहनुहुन्थ्यो। उहाँ विभिन्न स्रोतहरूबाट सो धपुछ तथा ग्रन्थहरूबाट चिन्तन गरिरहनुहुन्थ्यो। प्राप्त भएका निरुपणलाई व्यवहारमा पनि प्रयोग गर्नुहुन्थ्यो। यसले गर्दा उहाँ व्यापक ज्ञान भएका दार्शनिकका साथसाथै यस युगका सदाचारी आर्यसंघ समेत हुनुभयो।

उहाँ संघराज भन्तेले बुद्धशासनको क्षेत्रमा मेहनत र तपस्याले गर्नुभएको वीर्यपारमिता वा लगनशीलता उहाँको विलक्षण प्रतिभासँग सम्मिश्रण भई प्राप्त भएका सफलताहरू उहाँका विशाल साहित्यिक कृतिहरू, धर्मदेशनाहरू, बौद्ध धार्मिकस्थलहरू र बुद्धमूर्तिहरूमा प्रस्फुटित भएको देख्न पाइन्छ। उहाँको यही गुणका कारण उहाँबाट निर्माण वा जीर्णोद्धार भएका तथा स्वीकृति दिइएका सबै विषयहरू गुणस्तरीय भई आफैमा पूर्ण समेत छन्।

उहाँका महत्वपूर्ण कृति तथा कीर्तिहरूलाई निम्नप्रकारले विभाजन गर्न सकिन्छ :

**आम सञ्चार मार्फत प्रचार प्रसार :**

उहाँले राजमाता सोमदेद् फ्रा श्रीनगरिन्द्रापरमको चाहना अनुसार अ.स. रेडियो स्टेशनबाट हरेक आइतवार बिहान चित्त व्यवस्थापन गर्ने विषयमा केन्द्रित धार्मिक कार्यक्रम चलाउनुभएको थियो। श्रोताहरूलाई चित्तको व्यवस्थापन गर्ने कार्यमा आकर्षित गर्ने उक्त कार्यक्रमको उद्देश्य थियो। चित्तलाई शान्त राख्ने बानी बसाल्नु, विवेक बुद्धिको विकास गरी दैनिक जीवनमा त्यसको उपयोग गर्ने बानी बसाल्नु भन्ने शिक्षा उक्त कार्यक्रमले प्रशारण गर्दथ्यो। यो बाहेक उहाँले बुद्धधर्म सम्बन्धी लेखहरू लेखेर विभिन्न पत्रपत्रिकाहरूमा छपाउने काम पनि गर्नुभयो। उहाँका लेखहरू महिलाप्रधान पत्रिका 'श्रीसप्ताह,' महामकुट राजविद्यालय फाउण्डेशनबाट प्रकाशित बौद्ध पत्रिका 'धम्मचक्खु' मा प्रकाशित हुने गरिन्थ्यो।



**कृति लेखन :**


संघराज भन्ते विभिन्न भाषामा पनि उत्तिकै रूची र दक्षता राख्नुहुन्थ्यो। सस्कृत, अंग्रेजी, फ्रेन्च, जर्मन र चिनियाँ भाषामा उहाँको राम्रो पकड थियो। ती मध्ये पनि उहाँले विशेष दक्षता हासिल गर्नुभएको अंग्रेजीमा हो। यही दक्षताका कारण संसारलाई हेर्ने उहाँको दृष्टिकोण धेरै व्यापक भएको पाइन्छ। विभिन्न भाषाहरूमा हासिल गर्नुभएको दक्षता र कुनै पनि विषयमा गहिरो अन्वेषण गर्ने प्रवृत्तिको योग स्वरुप उहाँका कृतिहरू अत्यन्त गम्भीर, ओजपूर्ण र उत्कृष्ट हुने गर्दथ्यो। आफ्ना रचनाहरूमा उहाँ नयाँ युगका नयाँ नयाँ जानकारीहरू पनि प्रयोग गरी लेखनलाई अत्यन्त रोचक, सरल र गहन बनाउनु हुन्थ्यो। त्यसैले उहाँका रचनाहरू सबै वर्ग, सबै समुदाय र सबै पुस्ताका पाठकहरूका लागि बोधगम्य र उपयोगी साबित भए।


उहाँद्वारा रचित केही चर्चित कृतिहरू निम्नानुसार छन् :

**सोलसपण्हा :**

यो कृतिको विषय १६ वटा प्रश्नहरू हुन्। यसैमा ती सबैका उत्तर वा व्याख्यानहरू पनि समाहित छन्। यो बुद्धशासनको अत्यन्त


















उच्चस्तरीय ज्ञानको ग्रन्थ हो। यो कृतिमा उहाँको धर्म व्याख्या गर्ने विलक्षणपूर्ण दक्षता अनुभूत गर्न सकिन्छ। यसमा उहाँले धर्मका उच्चस्तरीय जटिल विषयहरूलाई टुक्रा टुक्रा पारी विश्लेषण गर्ने र तिनलाई फेरि जोडेर रोचक एवं सुस्पष्ट ढंगले प्रस्तुत गर्ने आफ्नो खुबीको अत्यन्त सशक्त प्रदर्शन गर्नुभएको छ। उहाँका व्याख्यानहरूमा परियत्ति (सैद्धान्तिक) र प्रतिपत्ति (व्यावहारिक) दुवै पक्षको तारतम्य मिलेका हुन्छन्। यस्तै तर्कको प्रभावकारी प्रस्तुतीको बलमा उहाँ पाठकलाई आफ्ना भनाईमा सहमत गराउन सफल हुनुभएको छ।

**दशपारमी दशविध राजधर्म :**

यस कृतिमा उहाँले दुई वटा धार्मिक विषयहरूलाई एक आपसमा जोडेर व्याख्या गर्नुभएको छ। दशपारमी अध्यात्मसँग सम्बन्धित विषय हो। यसमा जीवनको सर्वोच्च उद्देश्य विमुक्ति वा जीवनमुक्ति हो भन्ने देखाइएको छ। दशविध राजधर्म लौकिक पारमी हो। यसको सर्वोच्च उद्देश्य जनताको सुव्यवस्था र सुखशान्ति हो। तैपनि यी दुवैका विषयवस्तुहरू मिल्दाजुल्दा छन्। दुवै नै पारमिता धर्महरू हुन्। यो कृतिमा ती दुवैलाई तुलना गर्ने तथा त्यसलाई व्यवहारमा देखाउने कार्यमा उहाँले आफ्ना विलक्षण प्रतिभा देखाउनुभएको छ। यसले पाठकवर्गलाई बुद्ध शिक्षाको अझ गहिराईमा पुग्न र फरक तथा व्यापक दृष्टिकोण बनाउन सहयोग गर्दछ।

**भगवान् बुद्धको ४५ वर्षावास**

यो कृतिमा भगवान् बुद्धले बुद्धत्व प्राप्त गरी धर्मप्रचार आरम्भ गरेदेखि कुशीनगरमा महापरि

निर्वाण हुनु भए सम्मका घटनाहरूलाई वर्षक्रम अनुसार प्रस्तुत गरिएको छ । यसमा त्रिपिटक, अर्थकथाहरू, शास्त्रहरू अझ महायानी ग्रन्थहरूबाट समेत बुद्धधर्मका विभिन्न तथ्य तथा विषयहरू सम्पादन सहित साभार गरी विस्तृत रूपमा देखाइएको छ । विभिन्न स्रोतहरूबाट प्राप्त बुद्धधर्मका विभिन्न दृष्टिकोणहरू रोचक ढंगले प्रस्तुत गरिएकोले यो ग्रन्थ अत्यन्त गम्भीर तथ्यहरूको जानकारी मूलक संग्रह भएको छ ।

यी बाहेक उहाँद्वारा रचित शास्त्रीय विषयका अन्य कृतिहरू पनि धेरै छन् । उहाँले पाली साहित्य अध्ययन गर्नेहरूका लागि अत्यन्त उपयोगी पाठ्य पुस्तकका रूपमा लेख्नुभएको 'वाक्यसम्बन्ध भाग १ तथा २' पनि महत्वपूर्ण ग्रन्थ हो । उहाँले राजकुमार फ्रा अङ्चाउकित्तियाकर वर लक्षण क्रम फ्रा चन्दपुरीनृनाथबाट लिखित पदानुक्रम पाली, थाई तथा अंग्रेजी शब्दकोष तयार गर्ने व्यवस्था पनि मिलाइ दिनुभएको थियो ।

त्यस्तै अनुवाद क्षेत्रमा पनि उहाँले थाई भाषाका धेरै वाङ्मयलाई अंग्रेजीमा अनुवाद गरी प्रकाशित गर्ने व्यवस्था मिलाइदिनु भएको थियो । थाई भाषामा लेखिएका कृतिहरू नवकोवाद, विनयमुख, बुद्धजीवनी, उपसम्पदाविधी, भिक्खुपातिमोक्ख र पूजापाठलाई उहाँले अंग्रेजीमा उल्था गरी प्रकाशन गराउनु भएको थियो । उहाँका धर्मदेशना सम्बन्धी कृतिहरू पनि धेरै छन् । ती मध्ये वरमंगलविशेषकथा, पंचगुण ५ काण्ड, दशबलज्ञान १० काण्ड, मङ्गलदेशना सङ्घगुण ९ काण्ड आदि उहाँका महत्वपूर्ण धर्मदेशना कृतिहरू हुन् ।

**सयनासन तथा स्थापत्यकला :**

मौलिक बौद्ध शिल्पकलाले भरिपूर्ण सयनासन तथा बौद्धस्थलहरूको निर्माण तथा जीर्णोद्धारले बुद्धशासनलाई निरन्तरता दिने बाहेक राष्ट्रको समृद्धि र सभ्यताको परिचय समेत देखाउँदछ । त्यसैले उहाँ संघराजले यस क्षेत्रमा पनि उतिकै रूची लिनुभएको छ । उहाँले निर्माण तथा जीर्णोद्धार गराउनुभएका स्थापत्यकलाहरू धेरै छन् । ती मध्ये पनि केही उल्लेखनीय निर्माणहरू निम्न छन् :

**१. स्वदेशमा विहार निर्माण तथा जीर्णोद्धार**

आफूलाई गुण लाउनेहरूको सधैं गुणास्नुमरण गर्ने उहाँको स्वभाव हो । त्यसैले उहाँ






कुन निर्माण कार्य कसलाई वा कसको गुणस्मरण गरी गरिएको हो भनी बारम्बार बताइरहनु हुन्थ्यो । त्यसो हुनाले उहाँले गराउनुभएका निर्माणकार्य वा जीर्णोद्धार कार्यहरूले प्रायःगरी आफूलाई गुण लाउनेहरूप्रति उहाँले प्रकट गर्नुभएको कृतज्ञता झल्काउँदछ । जस्तो कि उहाँले वात्देवसंघाराम विहारमा पाठशाला भवन बनाई दान गर्नु भयो । यो काम उहाँले आफ्ना उपाध्याय ल्हवङ्फअ वात्न्हुअ (वात्न्हुअ विहार का भिक्षु गुरु) का गुणस्मरणमा समर्पण गर्नुभएको थियो । त्यस्तै उहाँले वात्देवसंघाराम विद्यालयमा विदेवानन्द भवन निर्माण गरी दान गर्नुभयो । उहाँले आफ्नो किशोरावस्थामा त्यही विद्यालयमा अध्ययन गर्नुभएको थियो ।

उहाँले अत्यन्त उत्कृष्ट वास्तुकलाले युक्त अनि व्यवस्थित तथा व्यापक ढंगले सम्पन्न गर्नुभएको निर्माणकार्य भनेको छोलबुरी अञ्चलस्थित वात् ञाणसंवराराम विहार हो । यो विहार उहाँले देशलाई उपकार गर्ने थाईलैण्डका वर्तमान तथा अतीतका सम्पूर्ण महान् राजाहरूको नाममा भएको दानपुण्यको रूपमा बनाउनुभएको थियो । त्यही स्थानको खाउछीचान् भन्ने चट्टानमय भीरमा कलात्मक बुद्धमूर्ति बनाउने योजना पनि उहाँले पूरा गर्नुभएको थियो । यो बुद्धमूर्ति चट्टानमा लेजर किरणद्वारा कुँदेर त्यसमाथि सुनौला टायलहरू टाँसेर निर्माण गरिएको छ । मूर्तिका छातिमा बुद्धका अस्थिधातु निधान गरिएको छ । यो मूर्तिमा थाईलैण्डका राजा स्वयम् सवारी भई आँखा खोल्ने विधि सम्पन्न गरिबक्सेको थियो । यो बुद्धमूर्ति थाईलैण्डकै अत्यन्त सुन्दर तथा महत्वपूर्ण कलाकृतिहरूमा गनिन्छन् । थाईलैण्डको इतिहास मै यो एउटा उल्लेखनीय सिर्जना मानिन्छ ।

त्यस्तै छियङ्राई अञ्चलको दअइमाय्सलअङ्स्थित वात् सन्तिगीरिञाणसंवराराम विहारको अग्लो टाकुरामा निर्माण गरिएको गगनचुम्बी फ्रा परमधातुचेदी श्रीनगरिन्द्रा सथित महासन्ति गीरी महाचैत्य पनि उहाँले सम्पन्न गराउनुभएको अर्को सुन्दर, भव्य तथा विशाल कीर्ति हो । यसको गजुर पनि उतिकै भव्य छ । यो चैत्य उहाँ संघराज भन्तेले राजमाता सोमदेद् फ्रा श्रीनगरिन्द्रापरमराज जननीको स्मारकको



रूपमा निर्माण गराउनुभएको थियो ।

यी बाहेक उहाँले गर्नुभएका अरू पनि धेरै नै विहार निर्माण तथा जीर्णोद्धारका कार्यहरू छन् । यी कीर्तिहरू थाईलैण्डको राजधानीबाट नजिक, टाढा, सुगम तथा दुर्गम सबै किसिमका स्थानहरूमा छरिएर रहेका छन् । जस्तो कि वात्रजताभिषेक विहार बअफ्लअई जिल्ला तथा वात्बुद्धविमुत्ति विहार, साईयोग जिल्ला कांचनबुरी अञ्चलमा छन् । वात्वाङ्फुसाई विहार, न्हअङ्याप्लअङ् जिल्ला, फेत्बुरी अञ्चल, वात् लाननाञाणसंवराराम, चअम्थअङ् जिल्ला, च्याङ्माई अञ्चलमा छन् ।

**२. विदेशमा विहार निर्माण तथा जीर्णोद्धार :**

उहाँ संघराज भन्ते एक दूरदर्शी तथा धर्मदूतको कार्यलाई अत्यन्त महत्व दिने व्यक्तित्व हुनुहुन्छ । संसारका विभिन्न देशहरूमा बुद्धधर्मको उद्धार तथा प्रचार प्रसार कार्य गरी दुई देश बीचको आपसी सम्बन्धलाई समेत उचाईमा पुऱ्याउन उहाँले धेरै योगदान दिनुभएको छ। यस क्षेत्रमा उहाँले धेरै लामो अवधिसम्म गर्नुभएको प्रयासको फलस्वरुप बुद्धशासनको जरा गहिरो भई त्यसले व्यापक सफलता समेत हासिल गरिरहेको छ । उहाँको यो सफलता विश्वका सबैजसो महाद्वीपहरूमा फैलिएका छन् ।


उहाँ संघराज भन्तेको नेतृत्वमा निर्माण भएका थाई विहारहरू विश्वका धेरै देशहरूमा पाउन सकिन्छ। उहाँ आफै प्रमुख संरक्षक तथा प्रायोजक भई निर्माण गरिएका मन्दिर, चैत्य तथा उपोसथागारहरू विश्वका सबै महाद्वीपहरूमा छरिएर रहेका छन् । जस्तो अष्ट्रेलियाको सिड्नीस्थित वात्बुद्धरंसी विहार। अष्ट्रेलिया महाद्वीपमा निर्माण भएको यो पहिलो थाई विहार हो । त्यस्तै इण्डोनेशियाको जाकार्तामा वात् जाकार्ता धम्मचक्कजय विहार निर्माण गरिएको छ। संयुक्त राज्य अमेरिकामा वात् क्यारोलाइना बुद्धचत्रवनाराम विहार निर्माण भएको छ। नेपालको कीर्तिपुरस्थित वात् श्रीकीर्ति विहार, भक्तपुरस्थित वात्मुनि विहारका उपोसथागार मन्दिरहरू र बुद्ध जन्मभूमि




थाई संघराजाको संरक्षणमा रहेको श्रीकीर्ति विहार, कीर्तिपुर, नेपाल ।



लुम्बिनीस्थित राजकिय वात् थाई लुम्बिनी विहार ।





लुम्बिनीस्थित वात्थाई लुम्बिनी विहार पनि उहाँ कै देन हुन् ।

**३. वात्पवरनिवेस विहारमा नवनिर्माण तथा जीर्णोद्धार :**

यस विहारको अधिपति पदमा उहाँ संघराज भन्ते स्वयम् नै पदासीन रहनुभएकोले यसलाई सुन्दर तथा व्यवस्थित बनाउन उहाँ सधैँ नै लागिरहनुहुन्थ्यो । यस राजकीय विहारमा गरिने विभिन्न जीर्णोद्धार कार्यहरू उहाँ आफ्नै निगरानीमा सम्पन्न गराउनु हुन्थ्यो । उहाँले संकल्प गरी यहाँ सम्पन्न गरिएका केही निर्माण तथा जीर्णोद्धार कार्यहरू निम्न छन् :

० उपोसथागार मन्दिरलाई उहाँले इटालीबाट झिकाइएका मार्बलले पूरै छोपेर सजाई जीर्णोद्धार गर्नुभएको थियो ।

० श्रीलंकाली चैत्याकारमा निर्माण गरिएको महाचैत्यस्थानलाई पनि इटालीबाट झिकाइएका सुनौला मोज्याक्ले छोपेर टल्किने तथा सुन्दर देखिने गरी जीर्णोद्धार गर्नुभएको थियो ।

० भ प र भवन वात्पवरनिवेस विहारको आफ्नै संग्रहालय हो । विहारका बहुमूल्य ऐतिहासिक सामग्रीहरू भावी पुस्ताका लागि पनि उपयोगी हुनेगरी संग्रहित तथा प्रदर्शित गर्न उहाँले उक्त भवन निर्माण गराउनु भएको थियो ।

० स.व.धम्मनिवेस भवन उहाँले राजमाता सोमदेद् फ्रा श्रीनगरिन्द्रापरमराजजननी आदिको नाममा बनाउनुभएको थियो ।

० कवीवर्णालय भवन महामकुटराजविद्यालय विश्वविद्यालयका रेक्टरको कार्यालय तथा पुस्तकालयको लागि निर्माण गर्नुभएको थियो । आदि

उहाँ संघराज भन्तेले निर्माण गर्नुभएका यी कीर्तिहरू तथा उहाँले प्रचार गर्नुभएका धार्मिक देशनाहरूउहाँको विलक्षण प्रतिभा झल्काउन पर्याप्त छन् । यसबाट विश्वभरी नै फैलिएको उहाँको मैत्रीभाव देखिन्छ, कृतज्ञताभाव झल्किन्छ । बुद्धशासनको प्रचार प्रसार मा उहाँको दुर्लभ जोशिलो प्रयास यसबाट प्रष्ट देखिन्छ ।

*कसैले विचार गर्दछ कि आफू राम्रो काम गर्दैछु तर मन भने संतापले ग्रस्त छ । सुखशान्ति त परै छ । यस्तो भयो भने तथ्य कुरो बुझ्नुस् कि आफूले राम्रो काम गरिरहेको छैन । राम्रो काम गर्दैछु भन्ने त आफ्नो एकतर्फी कल्पना मात्रै हुनसक्छ ।*

*मनको उज्यालो बाट साभार*

*चाहे राम्रो होस्, चाहे नराम्रो, सधैं गर्नसकिने कूरो हो । तर यी दुबै एकसाथ गर्न भने सकिँदैन । राम्रा तथा नराम्रा छुट्टा छुट्टै गर्नुपर्दछ । मनले पक्का गर्नुस् कि कुन चाहिँ गर्ने हो । राम्रो गर्ने कि नराम्रो गर्ने ? मनलाई अनिर्णित अवस्थामा नराख्नुस् । किन कि राम्रो गर्ने पालोमा नराम्रो पक्षले समय ओगटेर तपाईँलाई पराजित गर्नसक्दछ ।*

*सीमित जीवन बाट साभार*

# संघराजको व्रतचर्या:

*धर्म भनेको चित्तलाई सजाएर सुन्दर पार्ने सम्पदा हो। चित्तलाई हुर्काउने पनि यसैले हो। मनुष्यलाई पूर्ण मनुष्य बनाउने पनि यसैले हो। कल्याणजन (असल मान्छे) बनाउने पनि यसैले हो। आर्यजन (उत्तम मनुष्य) बनाउने पनि यसैले हो। मनुष्यलाई सुखशान्ति दिने पनि यसैले हो। यस्तो धर्म सम्पदालाई यदि भौतिक सम्पदासाग तुलना गर्ने हो भने भोगसम्पदासंग गर्न सकिन्छ जुन कि शरीरलाई पालनपोषण गर्ने, जीवनलाई अगाडि बढाउने, निरन्तरता दिने अझ शरीरलाई सजिसजाउ पार्ने तत्व पनि हो।*

*बुद्धशासनको सिद्धान्त बाट साभार*

'यदि सिद्ध भिक्षु भेट्न चाहन्छौ भने छियाङ्माई शहरसम्म धाइरहनु पर्दैन। बैंकक्मा नै भेट्नसकिन्छ। उहाँ सोमदेद् फ्रा ञाणसंवर भन्ते नै हुनुहुन्छ।'

ध्यानी भिक्षु ल्हुवङ्पू ह्वायन्ले वात् दअइमायपाङ्मा छियाङ्माई शहरसम्म आएर आफूलाई भेट्ने एकजना चेलालाई भन्नुभएको थियो।

यो वाक्य असल आचार विचार भएका भिक्षुहरूका माझ उहाँ संघराज भन्तेको व्रतचर्याका बारेमा दिइएको परिचयको एउटा छोटो अंश मात्रै हो। वस्तुतः उहाँको व्रतचर्या सरल तर पूर्ण छ। उहाँ नित्य धर्मलाई नै यथोचित रूपमा आचरण गरिर हने व्यक्ति हुनुहुन्थ्यो।

उहाँ संघराज भन्ते धर्ममाथि अत्यन्त गौरव गर्नुहुन्थ्यो। उहाँले धर्मलाई आफ्नो



परमपूज्य संघराज बहिरो विद्यार्थीहरुसंग।

जीवनमा गहना जस्तै सजाएर निरन्तर धारण गर्नु भयो। उहाँलाई (बुद्धसम्बत २४९० सालमा) प्रदान गरिएको फ्रा शोभनगणाभरण भन्ने राजदिन्न नामको अर्थ पनि यही हो। अर्थात् गण वा समूहको सुन्दर आवरण वा गहना। त्यस्तै बुद्धसम्बत २४९९ मा प्रदान गरिएको राजदिन्न नाम फ्रा धर्मवरा भरणको अर्थ हो - उत्तम धर्मले सजिएको।

उहाँलाई भेटेका, उहाँको दर्शन पाएका वा उहाँसँग छलफल गर्ने अवसर पाएका सर्वसाधारण जनताका माझ पनि उहाँ निकै प्रशंसित हुनु हुन्थ्यो। उहाँको व्रतचर्यालाई देखेर सबैजना अत्यन्त प्रभावित तथा प्रफुल्लित हुन्थे। उहाँले पालना गरिआउनु भएका शीलनियम तथा प्रतिपदा (आचरण) मंगलमय जीवन यात्राको मार्गदर्शन हो। यो त प्रव्रजित वा घरगृहस्थीमा बस्ने सर्वसाधारण मानिसहरूका लागि समेत एक राम्रो आदर्श हो।



उहाँको दैनिक व्रतचर्या

उहाँ सधैं प्रायः बिहान ४ बजे नै उठ्नु हुन्थ्यो। अनि बिहानी पूजापाठ तथा ध्यान गर्नु हुन्थ्यो। त्यसपछि भिक्षाटनमा निस्कनु हुन्थ्यो। बिहान ९ बजेतिर एक छाक मात्रै उहाँ भोजन गर्नु हुन्थ्यो। भोजन उहाँ भिक्षापात्रमै गर्नु हुन्थ्यो। त्यसपछि एक घन्टाजति पाहुनाहरू भेट्ने समय हुन्थ्यो। यस्तै दिउँसो एक पटक पनि पाहुना भेट्ने समय मिलाइएको हुन्थ्यो।

भेट्ने काम नभए त्यो समय उहाँ अध्ययनमा बिताउनु हुन्थ्यो। बाहिर जाने काम भएमा पाहुना भेट्ने कार्य छोड्नु हुन्थ्यो। उहाँ बारम्बार आज्ञा गर्नुहुन्थ्यो कि म जनताको भिक्षु हुँ, तसर्थ समयले भ्याएसम्म प्रायः सबैका क्रियाकलाप तथा निमन्त्रणामा जानुपर्छ। त्यो काम चाहे ठूलो होस् वा सानो। साँझ उहाँ घुम्दै विहार निरीक्षण गर्नुहुन्थ्यो। विहारको परिस्थिति तथा विहार का सम्पूर्ण क्रियाकलाप र व्यवस्था ठीक भए नभएको आफै हेर्नु हुन्थ्यो। राति अबेरसम्म उहाँ काम गरिरहनु हुन्थ्यो। राति उहाँ तीन चार घन्टा मात्रै सुत्ने गर्नुहुन्थ्यो।

**नित्य संयमी ध्यानी भिक्षु :**

विनयमा संयम तथा दृढता उहाँको आचरणको तरिका नै थियो। उहाँ सदैव शील नियमका हरेक तथ्यहरूका बारेमा शुक्ष्म रूपले अध्ययन तथा चिन्तन मनन गरिरहनु हुन्थ्यो। विनय भंग हुन नदिन उहाँ सदैव होशियार रहनुहुन्थ्यो। अवसर पाउने बित्तिकै

उहाँ ध्यानभावनामा लीन हुनुहुन्थ्यो । मानिसहरू अक्सर उहाँलाई आँखा चिम्लेर बसिर हनुभएको देख्दथे । उहाँको शरीर सोझो हुन्थ्यो । शरीर स्थीर तथा शान्त इर्यापथ (अवस्था) मा हुन्थ्यो । काम गर्नु पर्दा उहाँ तुरुन्तै संयम तथा शान्तपूर्वक गर्न थाल्नु हुन्थ्यो ।

**उहाँको कृतज्ञ स्वभाव :**

उहाँ राजगुरुका जीवनमा स्पष्ट देखिने सकारात्मक प्रवृत्तिहरू धेरै छन् । त्यसमा पनि विशेष टड्कारो किसिमले देखिने सबैभन्दा प्रमुख प्रवृत्ति भनेको उहाँको कृतज्ञ स्वभाव नै हो । उहाँ आफूप्रति सानै बेलादेखि गुण लाउनेहरूको पनि स्मरण गरिरहनु हुन्थ्यो । त्यसको गुण तिर्न उहाँ सधैँ कोसिस गरिरहनु हुन्थ्यो ।

उहाँले आफ्ना पहिलेका गुरुहरूका नाममा दानपुण्य गर्नु हुन्थ्यो । बैंकक् राजधानी भएदेखिका पूरा १८ जना संघराजहरू तथा अरु गुरुहरूका नाममा हरेक वर्ष दानपुण्य गर्नु हुन्थ्यो । उहाँले  सर्वप्रथम आफ्ना उपाध्याय गुरु ल्हुवङ्फअ वात्न्हुअ (वात्न्हुअ विहारका गुरु) को नाममा शयनासन कुटी बनाई दान गर्नु भएको थियो ।

उहाँले आफ्ना दोश्रो उपाध्याय राजकुमार भिक्षु संघराजचाउका नाममा भवन बनाई दान गर्नु भएको थियो । देशका लागि महत्वपूर्ण योगदान गरेका पहिलेका महाराजाधिराजहरूका नाममा विहार, स्मारक स्थानहरू बनाई दान गर्नु भएको थियो । जस्तो कि कांञ्चनबुरी अंचलमा विद्यालय भवन, अस्पताल भवन तथा प्रिय महाराज (रामा पाँचौं) का नाममा स्मारक बनाई दान गर्नुभएको थियो ।

उहाँले आफ्ना परिवारका सदस्यहरूप्रति कृतज्ञ भई गर्नु भएका कामहरू मध्ये आफ्नी आमालाई वात्पवरनिवेस विहारकै सानो घरमा आफू सँगै राख्नु भएको थियो । उहाँका





निवास खअइथाप्रामोद भवनसँगै रहेको सेतो घर भनिने सानो घरमा उहाँकी वृद्ध आमा जीवनको अन्तिम समयसम्म रहनु भएको थियो । उहाँले आफ्ना मातापिताको स्मरणार्थ मूलनिधि नअइ गजवात् भन्ने कोषको स्थापना गर्नुभएको थियो । उहाँका मातापिताकै नामबाट राखिएको उक्त कोषको उद्देश्य भिक्षु, श्रामणेर तथा किशोरहरूको शिक्षादीक्षामा आर्थिक सहयोग गर्नु थियो । शिक्षाको महत्व उहाँले देख्नुभएको थियो । त्यसैले शिक्षामा सहयोग गर्न उहाँले कोष स्थापना गर्नुभएको थियो । उहाँ बारम्बार भन्ने गर्नुहुन्थ्यो - मैले पढ्न पाइनँ । त्यसैले म अरूलाई पढ्नमा धेरै धेरै मदत गर्न चाहन्छु ।

**उहाँको विनीत तथा विनम्र स्वभाव :**

उहाँ सदैव विनीत तथा विनम्र स्वभावका हुनुहुन्थ्यो । उहाँ राजगुरु संघराज पदमा आसिन भइसक्दा पनि आफूभन्दा जेष्ठ भिक्षुहरूलाई उति नै आदर मान गर्नु हुन्थ्यो । आगन्तुक वा पाहुना भिक्षु भेट्न आइपुग्दा यदि ठूला भिक्षु भए उहाँ सधैं आयु वर्षावास कति हो भनी सोध्नु हुन्थ्यो । यदि आफूभन्दा जेष्ठ भए थप आसनमा बसाल्नु हुन्थ्यो । विनय र परम्परा अनुसार ढोग्नु हुन्थ्यो । यदि पाहुना भिक्षु आफू भन्दा कनिष्ठ भए मैत्रीचित्तले स्वागत गर्नुहुन्थ्यो । उहाँले यो आचरण जीवनमा कहिल्यै त्याग्नु भएन ।

**सिकाउने गुरु :**

उहाँको जिज्ञासु स्वभाव, सधैं जान्न र सिक्न चाहने प्रवृत्तिबाट सबैजना परिचित नै छन् । तर उहाँ आफूले मात्र जान्ने होइन आफूले जानेका असल ज्ञान, अनुभव र जानकारीहरू अरूलाई बाँड्न पनि उतिकै रुचाउने स्वभाव भएका गुरू हुनु हुन्थ्यो । अरूप्रति हितैषीभाव राखी सदैव मदत गर्न तयार रहने उहाँको चरित्र थियो । शिष्यहरूलाई स्वस्फूर्तरुपले विकास गर्न उहाँ उत्साहित गरिरहनु हुन्थ्यो । धर्मदेशना दिँदा वा व्याख्यान गर्दा उहाँ सधैं कर्णप्रिय हुनेगरी श्रुतमधुर स्वरमा बोल्नु हुन्थ्यो । उहाँ आफूले सिकाउन

खोजेको विषयलाई यसरी ,स्तुत गर्नु हुन्थ्यो कि त्यो सिधा गएर श्रोताको मनमै बस्न पुग्दथ्यो । समयको पाबन्दी छ भने उहाँ ठीक समयमा आफ्नो भनाई टुंग्याउनु हुन्थ्यो । उहाँका नजिकका शिष्यहरूका लागि उहाँको आचरण नै एउटा खुल्ला शिक्षा थियो ।

**सन्तोषी स्वभावका भिक्षु :**


उहाँ खानपान तथा सुत्ने-बस्ने मामिलामा अत्यन्त सरल हुनुहुन्थ्यो । उहाँको यो प्रवृत्ति अरू भिक्षुहरूका लागि आफै उदाहरण थियो । उहाँ अल्पेच्छी, सहनशील तथा सन्तोषी भिक्षु हुनुहुन्थ्यो र सादा हुनाले व्यवहारमा कुनै कृत्रिमता हुन्नथ्यो । उहाँ श्रमणसारुप अर्थात् भिक्षु श्रामणेर अनुरुपको व्यवहार र जीवन यापन गर्नु हुन्थ्यो यद्यपि उहाँ सम्पूर्ण भिक्षुसंघको उच्चतम तहमा पदासीन हुनु हुन्थ्यो । बस्ने स्थानको सजावटमा पनि उहाँ कुनै तडकभडक रुचाउनु हुन्नथ्यो । उहाँले विहारवासी भिक्षुहरूलाई आज्ञा गर्नुहुन्थ्यो कि भिक्षुश्रामणेरहरू विलासीपूर्वक बस्नु ठिक छैन, भिक्षुहरू सदैव सादगीमा बस्नुपर्छ ।

उहाँ आफ्नो चीवर समेत सादा तथा साधारण लगाउनु हुन्थ्यो । नयाँ भन्दा पनि प्राय: धोएर र रंगाएर चीवर लगाउने गर्नु हुन्थ्यो । चीवर रंगाउने तथा सिउने काम उहाँ मन पराउनु हुन्थ्यो ।

उहाँ आफ्ना नजिकका घनिष्ठ भिक्षु श्रामणेर शिष्यहरूलाई सधैं सिकाइरहनु हुन्थ्यो कि उपभोग्य सामानहरूको खर्च किफायत गर्नू । यसमा उहाँ आफै नै उदाहरण बन्नु हुन्थ्यो । सामानहरू धेरै जम्मा गरेर राख्नु हुन्नथ्यो । आफूसँग जम्मा भएका सामानहरू महापवारणा वा वर्षावास समापन जस्ता अवसरहरूमा वितरण गर्नु हुन्थ्यो ।

एकपटकको कुरो हो । उहाँलाई काममा यताउति जान एकजना भक्तले गाडी दान गर्नचाहे । उहाँले जवाफमा भन्नुभयो - 'गाडी कहाँ राख्ने खोइ ?' यसको अर्थ थियो त्यो दानलाई स्वीकार नगर्नु । विभिन्न दानपुण्य कार्यमा जाँदा प्राप्त हुने नगददान पनि उहाँ आफूले लिनु हुन्नथ्यो । जुन विहारमा त्यो दान प्राप्त भएको हो त्यही विहारमा म पनि दान गर्छु भनी फिर्ता दान गर्नुहुन्थ्यो ।

अनेक बाधा अड्चन तथा प्रतिकूलताका बावजूद पनि यस्ता गुणधर्महरूले गर्दा उहाँले जीवनको मार्गमा सफलता प्राप्त गर्नुभएको थियो । यस्ता गुणहरूले गर्दा नै आएका सबै बाधा अड्चनहरू उहाँले जित्न सक्नुभएको थियो । त्यसैले उहाँको जीवन अरूका निम्ति पनि आदर्शमय र उदाहरणीय बन्न पुगे ।



हामी सबैजना सुख भोग्न चाहन्छौं। दुःखबाट मुक्ति चाहन्छौं। तर हामी सुख प्राप्तिको आचरण भने गर्दैनौं। दुःखबाट मुक्तिको लागि आचरण गर्दैनौं भने हामीले चाहेको फल कसरी पाउन सकौंला र ?

उज्यालोसरी पुण्य बाट साभार

सदैव विचार गर्नुपर्ने, अभ्यास गर्नुपर्ने कुरो यो हो कि अब पुग्यो। पुग्यो भन्ने विचार गर्न जान्नुपर्दछ। पुग्यो भन्ने जानेको व्यक्ति आनन्दी मनको हुन्छ। जसले पुग्यो भन्ने जानेको हुँदैन ऊ दुःखी हुन्छ। यो पुग्यो भन्ने नजानेका मानिस अत्यन्त धनाढ्यमा पनि पाउन सकिन्छ। त्यस्तै पुग्यो भन्ने जानेको व्यक्ति गरिबहरूका माझमा पनि हुनसक्छ। यस्तो हुनुको कारण यो हो कि पुग्यो भन्ने कुरो मनको कुरो हो। धनी मान्छेले पुग्यो भन्न जानेको छैन भने ऊ सदैव गरिब रहन्छ। पुग्यो भन्ने जानेको मानिस गरिब भएपनि सदैव धनी हुन्छ।

पुग्यो भन्ने कुरो मनको विषय बाट साभार

# उहाँको मैत्री पारमिता



*स्थान र भौतिक निर्माणहरू जस्तो कि विहार, विद्यालय तथा तालिम दिने थरिथरिका केन्द्रहरू सामान्य साधक वस्तुहरू हुन् । यी सबै चीजहरू निर्माता तथा संस्थापकहरूले मनुष्यहरूलाई फाइदा तथा सुखका लागि गरिएको प्रयास मैत्रीचित्त देखाउने साधन हुन् । अरु प्राणीहरू दुःखबाट मुक्त होस् भन्ने चाहना नै करुणा हो । अरूलाई दुःख भएको देख्दा दयाका कारणले मन अस्थीर हुन थाल्दछन् । यसै कारणले हो आपसमा दुःखभयबाट मुक्त गर्ने उपाय सोच्दछन् । यो करुणा भनेको विहिंसा वा कष्ट पुऱ्याउने भावनाको विपरीत तत्व हो । दुःखभय घटाउने साधनहरू जस्तै कि अस्पताल आदि सबै नै निर्माताका करुणाभाव देखाउने साधन हुन् ।*

*प्राकृतिक सुख (पकतिभाव पकतिसुख) बाट साभार*

उहाँ संघराज भन्तेको मन सदैव मैत्री चित्तले भरिएको हुनाले अरूलाई दुःखबाट मुक्त गर्ने अथवा दुःख घटाउने कामना गरिरहनु हुन्थ्यो ।

उहाँ सधैँ जनताका सुख दुःख बारे चिन्तन गरिरहनु हुन्थ्यो । देशकै सुख सुविस्ताको निरन्तर चिन्ता लिइरहनु हुन्थ्यो । उहाँ जनतालाई बुद्धशासनमा श्रद्धा वृद्धि गराई धार्मिक सिद्धान्त अनुसार जीवन यापन गराउन तथा जनताका बीच आपसी मैत्रीभाव तथा सहयोगको भावना वृद्धि गराउन उद्योग गरिरहनु हुन्थ्यो । समाजका सबै तप्का बीच मेलमिलाप बनाउन तथा एकता कायम राख्न मैत्रीकरुणा वृद्धि गरी आपसी सहयोग बढाउने प्रयत्न गरिरहनु हुन्थ्यो । यसको लागि उहाँ आफैले त्यस्ता गुणधर्महरूको परिपालना गरी सदैव उदाहरण बन्नुभएको थियो ।

उहाँको मैत्रीभाव कुनै वर्ग, वर्ण वा लिंगमा सीमित नरही धेरै मानिसहरूका बीच फैलिएको थियो । उहाँले विशेष गरी अभावग्रस्त समुदाय तथा दुर्गमका जनतालाई उपकार गर्नु भएको छ । विशेष गरी दुःख हरण गर्न सहायक रहेका, सुख वृद्धि गर्ने किसिमका आधारभूत सेवा तथा सुविधाका साधनहरू निर्माण गर्नुभएको थियो । जस्तो कि :

सुविधाबाट बञ्चित बालबालिकाहरूलाई शिक्षाको अवसर दिन काञ्चनबुरी अञ्चल, साइयोग जिल्लामा सोमदेद् फ्रा पियमहाराज रमणीयखेत विद्यालय निर्माण गर्नुभएको थियो ।

विरामी भिक्षु, श्रामणेर तथा सर्वसाधारण जनतालाई उपचार तथा स्वास्थ्य सेवा दिन अस्पतालहरू बनाउनु भएको थियो । छलबुरी अञ्चल, बाङ्लमुङ् जिल्लामा वात्ञाणसंवरा राम अस्पताल र सोमदेद् फ्रा पियमहाराजरमणीयखेत अस्पताल उहाँले बनाउनुभएको हो ।

शिक्षा तथा स्वास्थ्य सेवाबाट बञ्चित क्षेत्रहरूमा पनि स्वास्थ्य सुविधा वृद्धि गर्न उहाँले देशभरका विभिन्न पिछडिएका क्षेत्रहरूमा अवस्थित क्षेत्रीय अस्पतालहरूमा १९ जना बैंकक युगका परमपूज्य संघराजहरूको गुणानुस्मरण गर्दै १९ वटै सकलमहासंघपरिणायक भवनहरू पनि निर्माण गराउनुभएको थियो ।

चुलालंकरण अस्पतालमा वजिरञाणवंश भवन तथा वजिरञाणसामग्गीफयाबान भवन र भ प र भवन निर्माणमा पनि उहाँले सहयोग गर्नुभएको थियो ।

देशमा जब जब संकट आइपऱ्यो तब तब उहाँ संघराज भन्तेले तुरून्तै त्यसलाई घटाउने



वा समाधान गर्ने उपाय खोज्नु हुन्थ्यो । जस्तो कि देशमा बाढीले दुःख दिँदा ती बाढीग्रस्तक्षेत्र वा अञ्चलमा आफैं पुगी उपभोग्य वस्तु राहत वा नगद दान गर्ने वा विभिन्न स्रोतबाट आवश्यक सामान तथा औषधीहरूको प्रबन्ध गरी अरूका मार्फत पीडित क्षेत्रमा पठाएर वितरण गराउने काम पनि उहाँ गर्नु हुन्थ्यो ।

बुद्धसम्बत २५१४ साल १४ अक्टोबरको घटनाबाट थाईलैण्डमा राजनीतिक संकट आउँदा सरकार विरुद्ध थुप्रै विद्यार्थीहरू सडकमा उत्रे । ती विद्यार्थीहरूका विरोधको विरुद्धमा पनि देशमा स्काउट दल तथा ऋथिङ्दायुङ् समूह (साँढे दल) निस्के । यसरी दुई समूह बीच भिडन्त हुने अवस्था आइपुगेकाले उहाँले दुवै पक्षलाई सावधान रहन लेख लेख्नुभयो । झन् झन् भयावह मोडतिर गइरहेको उक्त अवस्थालाई नियन्त्रणमा लिन र सबै पक्षलाई होशियारी गर्न आफूले लेखेको उक्त लेखलाई पर्चा बनाएर पनि उहाँले ठाउँ ठाउँमा छर्न लगाउनु भयो ।

त्यस्तै एकचोटि बुद्धसम्बत २५३४ सालमा वात्पवरनिवेस विहारको पछाडि रहेको बस्तिमा आगलागी भयो । रातको २ बजे उक्त घटना भएको थियो । घटना भएको ठाउँ उहाँ राज हुने भवन तांन्हाक खअइथाप्रामोजबाट टाढा थिएन । त्यसैले सँगै रहेका शिष्यहरू उहाँको सुरक्षाको चिन्ता गर्न थाले । शिष्यहरूले सुरक्षाका लागि उहाँलाई अलिक पर रहेको शाला रोइहांसिबपी भवनमा सर्न आग्रह गरे । तर उहाँ आफू परको भवनमा सर्नुको साटो आफैं घटनास्थल पुगी निरीक्षण पो गर्न थाल्नुभयो । आगो निभाउन आएका अग्नीशमन कर्मचारीहरूलाई काम गर्न सजिलो होस् भनी आवश्यक व्यवस्था मिलाउन उहाँ डटि रहनुभएको थियो । आगलागी पूर्ण नियन्त्रण नहुन्जेलसम्म उहाँ काम गर्ने कर्मचारीहरूलाई उत्साह दिँदै त्यहीँ बसिरहनु भयो । आगो नियन्त्रणमा आइसके पछि अग्नीपीडितहरूलाई सुविधा होस् भनी विहारका सबै भवनहरू खोल्न लगाई त्यहीँ बस्ने अस्थायी शिविरको व्यवस्था समेत गरिदिनु भयो ।

बुद्ध सम्बत २५४० सालतिर थाईलैण्डमा आर्थिक संकट हुँदा दुःखमा परेका जनतालाई



सन् २०१५ : परमपूज्य संघराजाको नेपालका भूकम्प पीडितहरुलाई करुणामय सहायता ।


*सन् २००८ म्यानमारको नागीसका पीडितहरुलाई संघराजबाट राहत पठाउँदै ।*


*सन् २००९ : बैंककका बाढी पीडितहरुलाई संघराज बाट राहत पठाउँदै ।*

अनुकम्पापूर्वक ढाडस दिन तथा मंगल कामना गर्न उहाँ बैंकक् महानगरभरी विभिन्न स्थानहरूमा भिक्षाटनमा निस्कनु भएको थियो ।

देश अप्ठ्यारो अवस्थामा पर्दा उहाँले देशका सम्पूर्ण भिक्षुहरूलाई परित्राण पाठ गर्न लगाई पुण्य कार्य र मैत्रीभाव फिँजाई मनो वैज्ञानिक सहयोग गर्नु हुन्थ्यो ताकि देश र जनता ती संकटका भुँमरीहरूबाट यथाशिघ्र पार हुन सकुन् । थाईलैण्डका महाराजाधिराज विरामी होइबक्सँदा पनि उहाँ संघराज भन्तेले देशका सम्पूर्ण भिक्षुहरूबाट एक साथ एउटै समयमा परित्राण पाठ गराई आशिर्वाद दिने व्यवस्था गरी राजालाई पुण्य गरिदिनु भएको थियो ।

कसैले कुनै मांगलिक वस्तु बनाउन स्वीकृतिको लागि आए भने उहाँ एउटै मात्र शर्तमा स्वीकृति दिनु हुन्थ्यो कि त्यो वस्तु बनाउनुको उद्देश्य सार्वजनिक हित नै हुनुपर्दछ । त्यस्ता मांगलिक वस्तुहरू बनाउँदा त्यसमा तन्त्रमन्त्र गर्ने चलनको भने उहाँ विरोधी हुनु हुन्थ्यो । त्यस्ता मन्त्रहरू प्रयोग गरिने 'प्लुकसेक' भन्ने विधिकर्म गर्ने निमन्त्रणा आए उहाँ मन्त्रको सट्टा चित्तले अधिष्ठान गर्ने भनी सुझाव दिनु हुन्थ्यो ताकि त्यो त्रिरत्न गुण स्मरण गर्ने विधि बनोस् । त्यस्ता मांगलिक वस्तुहरूमा चाहिँ आफ्नो संक्षिप्त नाम 'ञ स स' कोर्न पनि उहाँ स्वीकृति दिनु हुन्थ्यो ।

उहाँबाट यस्ता मांगलिक वस्तुहरूमा चित्तले अधिष्ठान गर्ने कार्य झन झन वृद्धि हुँदै गए । किन कि सबैलाई राम्रै थाहा थियो कि उहाँ संघराज भन्ते परियत्तिको क्षेत्रमा मात्र होइन धर्माचरण र विनय पालनामा पनि उतिकै प्रतिबद्ध हुनुहुन्छ । त्यसैले धर्मावलम्बीहरू उहाँको मैत्री पारमीको प्रभाव प्राप्त गर्न पनि उहाँलाई यस्ता कार्यहरूमा निमन्त्रण गर्न अति उत्सुक बन्दथे । जनताप्रति मैत्री पूर्ण सद्भाव व्यक्त गर्न र उनीहरूको उत्साह वृद्धि गर्न उहाँ सर्वसाधारणका विवाह वा मृत्यु जस्ता अवसरहरूमा जाने, पसल वा व्यावसायिक कार्यालयहरूको उद्घाटन गर्ने, हवाइजहाजलाई टिकाटालो गर्ने, सामरिक जहाजमा पुजाआजा गर्ने जस्ता कामहरूमा पनि सरिक हुन पुग्नु हुन्थ्यो । उहाँले राजकीय काम तथा जनताका काम सबैलाई बडो मन लगाएर निरन्तर पूरा गर्नुभएको थियो ।

उहाँको आफ्नै इच्छाको कुरा गर्ने हो भने उहाँ त चाहनुहुन्थ्यो कि मानिसहरू भगवान् बुद्धका अर्ति उपेदशमा रूची राखुन् र प्रज्ञाद्वारा धर्मलाई ठिकसँग बुझुन् । किन कि बुद्धशासन भनेको प्रज्ञा र धर्मको शासन हो । तर ठूलो भीडलाई धर्ममा डोऱ्याउन राम्रो कुशल उपाय पनि प्रयोग गर्नुपर्ने हुन्छ । त्यसैले सर्वसाधारण जनता आफ्नो दर्शनका लागि आउने बेला उहाँ भगवान् बुद्धका अर्तिउपदेश विषयक आफ्ना कृति र धार्मिक पुस्तकहरूका साथसाथै सानातिना पवित्र वस्तु पनि उपहार दिनु हुन्थ्यो । यसको तात्पर्य हरेक व्यक्तिले बुद्धभगवान्को भौतिक रुप मूर्ति राखुन् र आध्यात्मिक रूपले भगवान् बुद्धका अर्ति उपदेशलाई मनमा राखुन् भन्ने नै हो ।

# संघराजाहरुका संघराजा

*उहाँ दिवंगत संघराज भन्तेसँग धेरै पटक भेटघाट गर्ने मौका पाएको छु । उहाँको जीवनको लामो अवधिभरि धार्मिक कार्य राम्ररी सम्पादन गर्ने तरिकालाई म भित्री मनदेखि आदर तथा प्रशंसा गर्दछु । उहाँको जीवन सार्थक भयो भन्छु । उहाँले मनुष्यजातिको लागि आफ्नो सारा जीवन समर्पित गर्नुभएको थियो ।*


*दलाइ लामा*

*उहाँ संघराज भन्तेले पूर्ण लगनशीलतापूर्वक गर्नुभएको मेहनत तथा उहाँको महान यशकीर्तिका कारण उहाँलाई विश्व बौद्धजगतका संघराजाहरूका संघराजा भनिएको विशेषण नामको अनुरुप छ भनी मान्दछु । उहाँका कीर्तिहरूलाई दिइएका साधुकारले पूरै संसार गुञ्जायमान भएको छ । उहाँ संघराज भन्तेलाई बुद्धशासनको इतिहासमा निरन्तर प्रकाशको रुपमा हेरिनेछ ।*

*भिक्षु डा. किवसे एनशिनचो*

भगवान् बुद्धका श्रावकको रूपमा प्रव्रजित भएदेखि नै उहाँ कहिल्यै हतोत्साहित नभई धर्मविनयमा निरन्तर अगाडि बढ्दै जानुभएको थियो । उहाँ धर्मको ज्ञान हासिल गर्न दृढ मेहनती र यसको लागि गर्नुपर्ने काम कर्तव्य पूरा गर्न अत्यन्त लगनशील हुनुहुन्थ्यो । उहाँ ध्यान गर्नमा, सन्तोषी हुनुमा र ज्ञान संवरमा अग्र हुनुहुन्थ्यो । उहाँले थाईलैण्ड र विदेशमा समेत भिक्षु तथा गृहस्थीहरूलाई शिक्षादीक्षा प्रदान गर्नुभएको छ। परियत्ति वा सैद्धान्तिक र प्रतिपत्ति वा विपस्सना ध्यानको अभ्यास उहाँ विहार र विद्यालयहरूमा मात्र होइन कि रेडियो स्टेशनहरू मार्फत देशभरि नै सिकाउने गर्नुहुन्थ्यो । उहाँले अभ्यास आचरणद्वारा र देशनाद्वारा पनि सामान्य पाठकहरूले बुझ्ने भाषामा धर्मका मुख्य मुख्य सिद्धान्तहरूको व्याख्यान लेखेर





*डा. किउसे एनशिनजो, दलाई लामा र परमपूज्य संघराज बुद्धसम्बत २५४२ को जापान भ्रमणमा*

प्रचार गर्नु हुन्थ्यो। थाईलैण्ड भिक्षुसंघको प्रमुखको हैसियतले उहाँले संघको संचालन पनि गर्नुभयो। उहाँले धेरैवटा देशहरुमा बुद्धधर्मको उद्धार गर्नुभएको थियो र विश्वभरका बुद्धानुयायीहरू बीच आपसी सम्बन्ध पनि जोड्नुभएको थियो। उहाँले विभिन्न स्थानहरूमा शिक्षा केन्द्रहरू, अस्पतालहरू निर्माण गर्नुकासाथै आपतविपत परेकाहरूलाई सधैं सहयोग गर्नुभएको थियो।

यस्ता सत्कार्यहरू उहाँले केही दिन केही वर्ष मात्र होइन आफ्नो जीवन रहेसम्मै गर्नुभएको थियो। त्यसैले उहाँ साच्चैकै **जनताको भिक्षु** हुनुहुन्छ किनकि सबैप्रति सबै थाउँमा जहिलेपनि उहाँको मैत्री र करुणा पुगीरहेको हुन्छ।

उमेरले ९० वर्ष पुगेपछि शरीर धेरै क्लान्त भई बुद्धसम्बत २५४३ देखि चुलालंकरण अस्पतालको वजिरञाणसामग्गीफयाबान भवनमा उपचारको लागि बास बस्न थाल्नुभयो। त्यति बेला पनि प्रत्येक औंसी र पूर्णिमाका दिन उहाँ वात्पवरनिवेसविहारमा आई उपोसथागार मन्दिरमा प्रातिमो क्षपाठ सुन्नु हुन्थ्यो। पछि स्वास्थ्य बिलकुल अनुकूल नभएपछि बुद्धसम्बत २५५० देखि मात्र सबै क्रियाकलापहरू छोडी उहाँ पूर्ण रूपले अस्पताल मात्रै बस्न थाल्नु भयो।

यसरी उहाँ अस्पतालमै पूर्ण आराममा बस्नुभएको बेला पनि बुद्धानुयायी जनताहरू अत्यन्तरूची लिएर उहाँको स्वास्थ्यस्थिति बारे सोधखोज गरिरहन्थे। उहाँको जन्मदिन अर्थात् ३ अक्टूवरका दिन हरेक वर्ष बैंकक् तथा देशभरिका बुद्धानुयायीहरू वातपवरनिवेस विहार तथा चुलालंकरण



अस्पतालमा भेला भई उहाँको स्वास्थ्यलाभको कामना गर्दथे । यो संख्या प्रतिवर्ष लाखौंका दरले वृद्धि हुने गर्दथे । देशका विभिन्न अञ्चलहरूमा यस्तो सामुहिक पुजा र स्वास्थ्यलाभको कामना गरिन्थे । यातायात सुविधा भएका मानिसहरू उहाँ रहनुभएको अस्पतालको ब्याक्टेरियामुक्त कोठाको बाहिर बसी शिशाबाटै एक झलक दर्शन गरी फर्कन्थे । उहाँ जस्ता सदाचारी तथा सम्यक आचरण गर्ने भिक्षुको दर्शन तथा पूजा गर्न पाएँ भनी कृतार्थ हुन्थे । उहाँ संघराजका बुद्धधर्म सम्बन्धी व्याख्यानका श्रव्य रिकर्ड तथा पुस्तकहरू बारम्बार सुनेर र पढेर मानिसहरू आफ्नो मनको क्लेश हटाउने प्रयास गरिरहन्थे ।

बुद्धसम्बत २५५६ सालमा उहाँ संघराज भन्ते आयुले १०० वर्ष पूरा हुनुभयो र लगातार २३ वर्षसम्म संघराज पदमा आसिन भई थाईलैण्डका भिक्षुसंघको इतिहासमै सबभन्दा लामो आयु भएका तथा सबभन्दा लामो अवधिसम्म सो पदमा आसिन भएका संघराज हुनुभयो । उक्त महत्वपूर्ण अवसरमा थाईलैण्डका महाराजाधिराज भूमिबल अदुल्यदेजबाट वात्पवरनिवेस विहारमा उहाँको १०० वर्ष उमेर पूरा भएको पुण्यकार्य विधिको आयोजन गरिबक्सेको थियो । त्यस्तै ग्राण्डपालेसस्थित वात् फ्रा श्री रत्नशास्ताराम विहारमा भएको अर्को पुण्यकार्यमा अधिराजकुमारी (सिरिन्धर) देबरतनराजसुदा सहभागी भइबक्सेको थियो ।

सय वर्षको जन्मोत्सव मनाएको १० दिनमात्र भएको थियो, उहाँको स्वास्थ्यस्थिति नाजुक हुन थाल्यो । उहाँको ठूलो तथा सानो आन्द्राको शल्यक्रिया पनि गरियो । त्यसैबेला उहाँको रक्तप्रवाहमा इन्फेक्सन भई रक्त चाप झन झन घट्दै गयो । २४ अक्टोबरका दिन उहाँको शरीरले उपचारको प्रतिक्रिया दिन बन्द गऱ्यो । स्वासप्रश्वास क्षीण हुँदै गयो । घडिको सुइ १९.३० मा पुग्दा उहाँको स्वासप्रश्वास पूर्ण रूपले बन्द भयो । त्यो घडी उहाँको आयु १०० वर्ष २१ दिन पुगेको थियो ।

उहाँको मृत्युको दुःखद् समाचारले पूरा देश शोकाकूल भए । सम्पूर्ण बुद्धानुयायीहरूका



लागि त्यो एउटा अपूरणीय क्षति थियो । यसै बीच उहाँको पार्थिव शरीर लाई थाई रेडक्रस सोसाइटीको चुलालंकरण अस्पतालबाट सारियो । थाईलैण्डका अधिराजकुमारको हुकुमबाट आएका सैनिक टुकडीको सलामीका बीच उहाँको पार्थिव शरीरलाई राजकर्मचारीहरूबाट उहाँको मानमर्यादा अनुरुप हुने गरी सुन्दर ढंगले सार्ने व्यवस्था गरिएको थियो । पार्थिव शरीरलाई विदाई गर्न चारै दिशाबाट ओइरिएका राजकर्मचारी तथा सर्वसाधारण जनता सडकका दुवै किनारामा खचाखच थिए । मानिसहरूको अर्को ठूलो भीड वातपवरनिवेस विहारमा उहाँको पार्थिव शरीरलाई स्वागत गर्न, ढोग्न तथा स्नान गराउन दिउँसोको चर्को घामलाई समेत वास्ता नगरिकन प्रतिक्षा









गरिरहेका थिए ।

उहाँको १०० वर्ष जन्मोत्सव समारोह सकिएर खाली हुन पुगेको वात् पवरनिवेश विहार एक महिना पछिनै पुनः मानिसहरूको भीडले अटेसमटेस हुन थाल्यो । फरक यति मात्रै थियो कि एक महिना अघि त्यहाँ खुशी साट्ने मानिसहरूको भेला भएको थियो भने अहिले दुःख व्यक्त गर्न भीड भएको छ । ती भीडमा कोही उहाँको पार्थिव शरीरलाई पूर्ण श्रद्धाका साथ ढोगेर घर फर्किहाल्थे भने नजिकै घर भएका कयौं श्रद्धालुहरू दिनहुँ पनि पुगिरहन्थे । देशभरि नै शोकमा पूजा पाठ गरी उहाँको स्मरण गरिए ।

थाईलैण्डका महाराजाधिराजबाट राजकीय स्नानका सर्जामहरू राजदान गरी संघराज भन्तेको पार्थिव शरीरमा हुने राजकीय स्नानविधिमा मौसुफको सट्टा युवराजधिराजलाई प्रमुख बनाई पठाइबक्स्यो । त्यस्तै शुरुका सात दिनसम्म महाराजाधिराजको तर्फबाट संघराजको पार्थिव शरीरमा राजविधि पुण्यकार्यको प्रायोजन भयो । तदनुसार रातदिन धार्मिक विधि गर्ने भिक्षुहरूबाट अभिधर्म पाठ गराउने व्यवस्था भयो । राजपरम्परा अनुसार संघराज भिक्षुलाई दिइने सम्पूर्ण मानसम्मान प्रदान गरियो । त्यसपछि सरकार तथा जनताका तर्फबाट वर्षभरी उहाँको पार्थिव शरीरको पुण्यकार्य विधि प्रायोजन गरियो । देशभरिबाट ढोग तथा प्रार्थना गर्न संघराजको शव निधान गरिएको ताम्न्हाक्फेत् राजबैठकमा श्रद्धालु मानिसहरू आउने क्रम पनि वर्षभरि नै चलिरह्यो । विभिन्न अञ्चलहरूमा पनि उहाँको नाममा पूजापाठ, प्रार्थना तथा भिक्षुहरूलाई भिक्षादानको

कार्यसञ्चालन भइ नै रह्यो ।

संघराजको मृत्युले थाई देशका सम्पूर्ण जनता तथा संघसंस्थाहरूलाई शोकाकूल बनाएको छ भने विदेशस्थित विभिन्न धार्मिक, सामाजिक तथा  राजनीतिक संस्थाका प्रतिनिधिहरू समेत थाईलैण्ड आई आआफ्ना देशका तर्फबाट श्रद्धाञ्जली स्वरुप संघराजको नाममा भइरहेका पुण्यकार्यहरूमा सहभागिता जनाउने कार्य भइरहेको छ । उहाँ संघराज भन्तेको पार्थिव शरीरको सत्तमवार (पहिलो हप्ताको) पुण्यकार्यमा २३ देशका र ाजदूत तथा कर्मचारीहरू सहभागी भए । भारतका सम्माननीय संस्कृति मन्त्री तथा थाईलैण्डस्थित भारतका महामहिम राजदूतले वज्रयानविधि अनुसार पूरा भव्यताकासाथ पूजा चढाए। थाईलैण्डस्थित रोमन क्याथलिकका प्रमुख फादर मार्फत भ्याटिकन सिटीलेपनि उहाँको शवमा मिस्सा विधि गरी चढाए। चिनियाँ भिक्षु संघले कोङ्तेक् विधिबाट श्रद्धा चढाए ।

अझ विदेशमा पनि विभिन्न पुण्यकार्य गरी उहाँ प्रति श्रद्धाञ्जली व्यक्त गर्ने कार्यहरू भएका छन्। जस्तो म्याक्सिको, श्रीलंकाको दन्तधातु











विहार,जापानको नेनबुतसिसु विहारमा त्यस्ता धार्मिक कार्यहरू भएका छन्। जापानमा १,००० जना भिक्षुहरूले अहोरात्र अभिधर्म पाठ गरी २४ अक्टोवरको बिहान समापन गरेका थिए। त्यहीं एक वर्षसम्म हरेक दिन अभिधर्म पाठ पनि गरिए । नेनबुतसिसु विहारका संस्थापनक तथा बौद्ध शिखर सम्मेलनका प्रमुख भिक्षु डा. किवसे एनशिनचो आफै थाईलैण्डको वातपवरनिवेस विहारमा आई संघराज भन्तेको पार्थिक शरीरलाई अभिसम्मानसत्कार व्यक्त गर्नुभयो । उहाँले सो विश्व बौद्ध शिखर नेताहरूको संस्थाका ३३ वटा सदस्य देशहरु मध्ये बेल्जियम, फिनल्याण्ड, स्वीट्जरल्याण्ड, म्याक्सिको, संयुक्त अधिराज्य, संयुक्तराज्य अमेरिका र नेपाल समेत गरी १७ वटा देशका शिखर नेताहरूको समवेदना सन्देश पनि चढाउनुभयो। उहाँले आफ्नो सन्देशमा प्रष्ट रूपमा भन्नुभयो कि उहाँ संघराज भन्ते साँच्चै नै विश्वबौद्ध शिखर नेताहरूका प्रमुख हुनुहुन्थ्यो। उहाँ '**संघराजाहरूका संघराजा**' हुनु हुन्थ्यो।

तिब्बतका आध्यात्मिक नेता दलाई लामाले वेबसाइटमार्फत दु:ख व्यक्त गर्नुभएको छ। त्यसमा उहाँले भन्नुभएको छ कि उहाँ संघराजप्रति गहिरो सम्मान र आदरको अनुभव हुन्छ। उहाँ संघराज भन्तेले लामो आयुको जीवनभरसम्म आफ्नो जिम्मेवारी अनुसार बुद्धधर्मको क्षेत्रमा जुन ढंगले सेवा तथा कर्तव्य पालन गर्नुभयो सो साह्रै नै फलिफाप रह्यो। अझ उहाँका यो भन्दा ठूलो सार्थक कार्य भनेको निरन्तर मनुष्यजातिलाई फाइदा



गर्न तथा उपकार गर्न उहाँले आफ्नो जीवन त्याग गर्नुभएको थियो ।

उपरोक्त सम्मान तथा प्रशंसाका शब्दहरू विश्वभरका बुद्धानुयायीहरूबाट उहाँप्रति गरिएको आदर तथा सम्मानका केही अंश मात्रै हुन् । थाईलैण्डका १९ औं संघराज सोमदेद् फ्रा ञाणसंवर सोमदेद् फ्रा संघराज सकलमहासंघपरिणायक जस्ता बुद्धशासनमा बुद्धानुयायीहरूबाट यसरी व्यापक श्रद्धा गरिएका बौद्ध नेता पाउनु दुर्लभ नै हुन्छ जसलाई '**संघराजाहरूका संघराजा**' तथा '**जनताका भिक्षु**' जस्ता अतिविशिष्ट विशेषणहरूले संवोधन गरिएको छ र जो परन्तुसम्म पनि सम्पूर्ण बुद्धानुयायीहरूका लागि बलियो आध्यात्मिक भरोसा बन्नुभएको छ ।




GRAND MEMORIAL SERVICE FOR H.H. SOMDET PHRA NYANASAM
SUPREME PATRIARCH OF THAILAND SUPREME HOLINESS OF WORLD BUDDH
SUPREME ADVISOR OF BUDDHIST SUMMIT







